"विश्वास, सुरक्षा र समृद्धिका लागि बीमा"
"Insurance for a Safer and Prosperous Nepal"

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

नेपाल बीमा प्राधिकरणको द्वैमासिक बुलेटिन

# बीमा बुलेटिन

वर्ष ६ अङ्क १ | आ.व. २०८३/८४ | भाद्र अङ्क (Agu-Sep 2026)

- जोखिममा सुरक्षा
- समाजमा स्थाचित्व
- अर्थतन्त्रमा योगदान
- दिगो विकासमा बीमा

सुरक्षित आज,
समृद्ध भोलि

*Together for a Resilient Nepal*



**नेपाल बीमा प्राधिकरण**
बीमा क्षेत्रको सुदृढीकरणका लागि नियमन, सहजीकरण र प्रवृर्द्धन

www.nia.gov.np
KATHMANDU, NEPAL

## संरक्षक

श्री चन्द्रकला पौडेल, अध्यक्ष, नेपाल बीमा प्राधिकरण ।

## सल्लाहकार एवम् संयोजक

श्री सुशीलदेव सुवेदी, कार्यकारी निर्देशक, नेपाल बीमा प्राधिकरण ।

## सम्पादन समूह

श्री ध्रुव तिमिल्सिना, निर्देशक, अनुसन्धान महाशाखा ।

श्री पूजन ढुंगेल (अधिकारी), निर्देशक, व्यवस्थापन महाशाखा ।

श्री विश्वास घिमिरे बाह्य विज्ञ, उपप्रमुख नेपाल प्रज्ञा प्रतिष्ठान ।

श्री पुष्पा कुँवर, उपनिर्देशक, अनुसन्धान तथा तथ्याङ्क शाखा ।

प्रकाशक

**नेपाल बीमा प्राधिकरण**

कुपण्डोल, ललितपुर ।

फोन: ०१-५४२१०७९, ५४३८७४३, ५४२८६०४

Email:info@nia.gov.np, Web: www.nia.gov.np

# बाढी प्रभावित क्षेत्रको बीमा दाबी भुक्तानी प्रक्रिया सरल र सहज बनाउन अर्थमन्त्रीको निर्देशन



माननीय अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बाढी प्रभावित क्षेत्रका बीमितको दाबी भुक्तानी प्रक्रिया सरल, सहज र छिटो बनाउन बीमा कम्पनीहरूलाई निर्देशन दिनुभएको छ । भदौ १० गते रसुवा तथा भोटेकोशी क्षेत्रमा आएको बाढीबाट भएको क्षतिपछिको बीमा दाबी र त्यसको भुक्तानी प्रक्रियाबारे २०८३ भदौ १६ गते अर्थ मन्त्रालयमा भएको उच्चस्तरीय छलफल कार्यक्रममा बोल्दै अर्थमन्त्री वाग्लेले यस्तो निर्देशन दिनुभएको हो ।

उहाँले विपद्को कठिन अवस्थामा बीमा कम्पनीहरूले पीडितलाई राहतको अनुभूति हुने गरी दाबी भुक्तानीमा सहजीकरण गर्नुपर्ने बताउनुभयो । बीमा कम्पनीहरूलाई दाबी भुक्तानीका क्रममा कुनै समस्या आएमा सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो । बैठकले दाबी भुक्तानीलाई उच्च प्राथमिकतामा राख्दै साना दाबीका लागि द्रुत भुक्तानी प्रणाली अपनाउने निर्णय गरेको छ । कागजी प्रक्रियाका कारण भुक्तानीमा ढिलाइ हुन नदिन आवश्यक कार्यविधिगत सहजीकरण गर्ने निर्णयसमेत गरिएको छ ।

त्यस्तै, जलविद्युत् आयोजना तथा ठूला पूर्वाधारमा भएको क्षतिको पूर्ण मूल्याङ्कनमा समय लाग्ने भएकाले बीमितको नगद प्रवाह सहज बनाउन उचित रकम पेस्कीस्वरूप तत्काल भुक्तानी गर्ने व्यवस्था मिलाइने भएको छ । सर्भेयर परिचालनलाई थप व्यवस्थित, चुस्त र पारदर्शी बनाउन प्राधिकरणले प्रणालीमार्फत स्वचालित रूपमा सर्भेयर खटाउने व्यवस्था गरिने भएको छ । दाबी भुक्तानीको नियमित अनुगमन तथा सहजीकरणका लागि प्राधिकरणमा विशेष कार्यदल गठन गर्ने निर्णयसमेत बैठकले गरेको छ । बाढीबाट जलविद्युत् आयोजना, सार्वजनिक पूर्वाधार तथा निजी सम्पत्तिमा ठूलो क्षति पुगेको अवस्थामा बीमा दाबीको शीघ्र भुक्तानीले प्रभावित व्यक्ति तथा व्यवसायलाई आर्थिक राहत प्रदान गर्ने अपेक्षा गरिएको छ ।

छलफलमा नेपाल बीमा प्राधिकरणका अध्यक्ष, सञ्चालकहरू, कार्यकारी निर्देशक, निर्देशक, बीमा तथा पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरू तथा सर्भेयर सङ्घका पदाधिकारीहरूको सहभागिता थियो ।

# सरकारको राहतको सट्टा वन्यजन्तु जोखिम केन्द्रित बीमालेखमा जोड दिनुपर्ने : मन्त्री चौधरी




कृषि, वन तथा पर्यावरण मन्त्री माननीय गीता चौधरीले मानव तथा जङ्गली जनावरबीचको द्वन्द्वबाट प्रभावित नागरिकलाई सरकारले उपलब्ध गराउँदै आएको राहत तथा क्षतिपूर्तिको विकल्पका रूपमा वन्यजन्तु जोखिम केन्द्रित बीमालाई प्रभावकारी रूपमा अघि बढाउनुपर्नेमा जोड दिनुभएको छ ।

नेपाल सरकारको कृषि, वन तथा पर्यावरण मन्त्रालय, नेपाल बीमा प्राधिकरण र BIOFIN (UNDP) को संयुक्त आयोजनामा वि.सं. २०८३ साल भदौ १५ गते सोमबार काठमाडौंको नयाँ बानेश्वरस्थित होटल एभरेस्टमा मानव तथा जङ्गली जनावर द्वन्द्वसम्बन्धी बीमालेखका विषयमा अन्तर्क्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्राधिकरणका निर्देशक श्री निर्मल अधिकारीले उपस्थित सम्पूर्ण सरोकारवालालाई स्वागत गर्नुभएको थियो । उहाँले नेपाल बीमा प्राधिकरणको आ.व. २०८२/८३ को वार्षिक कार्यक्रममा स्तरीकृत बीमालेख निर्माण गर्ने कार्यक्रमअन्तर्गत कोशी प्रदेश सरकार तथा विभिन्न स्थानीय तहको अनुरोध बमोजिम मानव तथा जङ्गली जनावरको द्वन्द्वबाट सिर्जित जोखिमलाई सम्बोधन गर्ने उद्देश्यले वन्यजन्तु जोखिम केन्द्रित बीमालेख निर्माण भएको बताउनुभयो ।

यसै क्रममा नेपालको पूर्व मेचीदेखि महाकालीसम्म लगभग १४ वटा विभिन्न सरोकारवालाहरूसँग अन्तर्क्रिया गरी प्राप्त उचित राय तथा सुझावलाई सम्बोधन गर्दै यसमा स्थानीय तहलाई थप जिम्मेवार बनाइएको छ । साथै, उक्त स्तरीकृत बीमालेख निर्जीवन बीमक तथा लघु निर्जीवन बीमकका लागि जारी भइसकेको समेत प्रस्ट पार्नुभयो ।

कार्यक्रमकी प्रमुख अतिथि मन्त्री चौधरीले मानव-वन्यजन्तु द्वन्द्वका कारण स्थानीय समुदायले भोग्दै आएको आर्थिक तथा भौतिक क्षतिलाई सम्बोधन गर्न दीर्घकालीन र दिगो वित्तीय व्यवस्थापनको आवश्यकता रहेको औँल्याउनुभयो । उहाँले हरेकपटक सरकारी राहत तथा क्षतिपूर्तिमा निर्भर हुनुभन्दा बीमाको माध्यमबाट जोखिम हस्तान्तरण गर्ने प्रणालीलाई संस्थागत गर्नुपर्ने तथा त्यसबाट सरकारलाई पर्ने भार क्रमशः कम हुँदै जाने धारणा व्यक्त गर्नुभयो ।

त्यसैगरी, UNDP की Resident Representative सुश्री Kyoko Yokosuka ले मानव तथा जङ्गली जनावरबीचको द्वन्द्वसम्बन्धी जोखिमलाई सम्बोधन गर्न वन्यजन्तु जोखिम




केन्द्रित बीमालेखले सरकारलाई महत्त्वपूर्ण सहयोग पुऱ्याउने बताउनुभयो । उहाँले यस्तो बीमालेख विश्वमै पहिलोपटक तयार गरिएको दाबी गर्दै यस प्रकारको पहलका लागि नेपाल बीमा प्राधिकरणलाई धन्यवाद दिनुभयो । साथै, आगामी दिनमा यस्ता कार्यक्रमहरू सञ्चालन गर्न UNDP ले प्राधिकरणसँग सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

यसैगरी, कार्यक्रममा कुल तीनवटा प्रस्तुतीकरण गरिएको थियो । नेपाल बीमा प्राधिकरणका उपनिर्देशक श्री विनोदकुमार पोखरेलले वन्यजन्तु जोखिम केन्द्रित बीमालेखको आवश्यकता, कार्यान्वयनको सम्भावना, जोखिम मूल्याङ्कन, बीमाशुल्क निर्धारण, क्षति मूल्याङ्कन, दाबी भुक्तानी प्रक्रिया तथा बीमालेखमा रहेका विभिन्न शर्त र सुविधालगायतका विषयहरू प्रस्तुत गर्नुभएको थियो ।

BIOFIN–UNDP का पदाधिकारी श्री बिजेन्द्र बस्न्यातले कार्यक्रम सञ्चालन गर्दै आफ्नो प्रस्तुतीकरणमार्फत UNDP को सहयोगमा पूर्व मेचीदेखि महाकालीसम्मका तीन पालिकामा वन्यजन्तु जोखिम केन्द्रित बीमालेखको Pilot Project शुरू हुनेबारे जानकारी गराउनुभयो । साथै, उहाँले आफ्नो प्रस्तुतीमा नेपालको Biodiversity अनुसारको जोखिमाङ्कन गर्नुपर्ने लगायतका विषयहरू समावेश गर्नुभएको थियो ।

कार्यक्रममा सभाध्यक्षता गर्नुभएका नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक श्री सुशीलदेव सुवेदीले वन्यजन्तु जोखिम केन्द्रित बीमालेखको माध्यमबाट सरकारलाई राहतको झन्झटबाट मुक्त गर्ने आशयले यस किसिमको स्तरीकृत बीमालेख तयार गरिएको तथा यसमा सम्पूर्ण सरोकारवालाहरूले अपनत्व लिनुपर्नेमा जोड दिनुभयो । समयको माग र आवश्यकता अनुरूप यस्तै प्रकारका अन्य जोखिम तथा अवधारणामा आधारित बीमालेखहरूसमेत आगामी दिनमा तयार गरिने विश्वास व्यक्त गर्दै उहाँले कार्यक्रमको समापन गर्नुभएको थियो ।

# प्राधिकरणका अध्यक्ष पौडेलसमक्ष बीमकका अध्यक्षहरूबाट शपथ ग्रहण

## राष्ट्रिय जीवन बीमा कम्पनीका अध्यक्ष भुसालद्वारा शपथ ग्रहण



राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडका नवनियुक्त अध्यक्ष श्री भीष्मकुमार भुसालले शपथ ग्रहण गर्नुभएको छ । भुसालले २०८३ साल साउन ६ गते नेपाल बीमा प्राधिकरणका अध्यक्ष श्री चन्द्रकला पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको हो ।

शपथ ग्रहण कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उच्च पदस्थ कर्मचारीहरू तथा राष्ट्रिय जीवन बीमा कम्पनीका सम्बन्धित अधिकारीहरूको उपस्थिति थियो । अध्यक्षको जिम्मेवारी सम्हाल्दै भुसालले कम्पनीको संस्थागत सुदृढीकरण, सुशासन तथा बीमा सेवाको प्रभावकारिता अभिवृद्धिमा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।

## क्रेस्ट माइक्रो लाइफ अध्यक्ष नेपालद्वारा शपथ ग्रहण

क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडका नवनियुक्त अध्यक्ष श्री योगेशकुमार नेपालले पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको छ । नेपालले २०८३ साल साउन १५ गते नेपाल बीमा प्राधिकरणका अध्यक्ष श्री चन्द्रकला पौडेलसमक्ष शपथ ग्रहण गर्नुभएको हो ।

शपथ ग्रहण कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उच्च पदस्थ कर्मचारीहरू तथा क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्सका अधिकारीहरूको उपस्थिति थियो । अध्यक्षको जिम्मेवारी सम्हालेसँगै नेपालले कम्पनीको संस्थागत सुशासन, व्यवस्थापकीय क्षमता तथा बीमा सेवाको पहुँच र प्रभावकारिता विस्तारमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ ।



## प्राधिकरणद्वारा निर्जीवन बीमा कम्पनीका प्रमुखहरूसँग छलफल

भोटेकोशी त्रिशुली बाढीका कारण भएको बीमासम्बन्धी क्षतिको अवस्था सम्बन्धमा प्राधिकरणले निर्जीवन बीमा कम्पनीहरूका प्रमुखहरूसँग छलफल गरेको छ । प्राधिकरणका अध्यक्ष श्री चन्द्रकला पौडेलको समुपस्थितिमा मिति २०८३ भदौ ११ गते सो छलफल कार्यक्रम सम्पन्न भएको थियो ।

छलफलमा प्राधिकरणका अध्यक्ष पौडेलद्वारा बीमकका प्रमुखहरूलाई यथाशीघ्र बीमा दाबी भुक्तानी गर्न निर्देशन दिनु भयो । त्यसैगरी, बीमा क्षेत्रका तर्फबाट बाढी पीडितलाई सहयोग प्रदान गर्न प्रधानमन्त्री राहत कोषमा बीमकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व (CSR) को रकम प्रयोग गर्न सक्ने समेत जानकारी दिनु भएको थियो ।

## विपद् कोषमा बीमा प्राधिकरणद्वारा १० करोड सहयोग




नेपाल बीमा प्राधिकरणले भोटेकोशी त्रिशुली क्षेत्र बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्निर्माणका लागि प्रधानमन्त्री विपद् कोषमा १० करोड रूपैयाँ आर्थिक सहयोग गरेको छ । प्राधिकरणले यही भदौ १५ गते अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई १० करोड रूपैयाँको चेक हस्तान्तरण गरेको हो ।

बाढीका कारण प्रभावित नागरिकलाई तत्काल राहत उपलब्ध गराउनुका साथै क्षतिग्रस्त संरचनाको पुनर्निर्माण तथा प्रभावित क्षेत्रमा आवश्यक सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम प्रदान गरिएको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका अनुसार प्राकृतिक विपद्का कारण जनधन तथा भौतिक संरचनामा ठूलो क्षति पुगेको अवस्थामा सरकारको राहत तथा पुनर्निर्माण अभियानमा संस्थागत रूपमा सहयोग पुऱ्याउन रकम हस्तान्तरण गरिएको हो ।

बाढी तथा अन्य प्राकृतिक विपद्का कारण प्रभावित नागरिकको उद्धार, राहत र पुनर्स्थापनाका लागि नेपाल सरकार तथा विभिन्न निकायबाट सहयोग जुटाउने क्रम जारी रहेका समयमा नेपाल बीमा प्राधिकरणले समेत विपद् व्यवस्थापनमा आफ्नो सामाजिक तथा संस्थागत जिम्मेवारीअन्तर्गत आर्थिक सहयोग गरेको हो ।

साथै, नेपाल बीमा प्राधिकरण कर्मचारी सङ्गठनले बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि १ लाख १ हजार १११ रूपैयाँ रकम सहयोग गरेको छ ।

# एमएसएमईमा बीमा पहुँच विस्तार गर्न नीतिगत तथा नियामकीय सुधार आवश्यक




नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदी, पूर्वअर्थमन्त्री रामेश्वर खनाल, यूएनडीपी नेपालकी आवासीय प्रतिनिधि क्योको योकोसुका लगायतका पदाधिकारीद्वारा प्रतिवेदन सार्वजनिक गर्नुहुँदै ।

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) नेपाल र नेपाल बीमा प्राधिकरणले २०८३ साल साउन १८ गते 'रिस्क म्यानेजमेन्ट इन नेपाल्स एमएसएमइजः द इन्स्योरेन्स प्रोटेक्सन ग्याप' अध्ययन प्रतिवेदन सार्वजनिक गरेको छ । नेपाल आर्थिक पत्रकार समाज (सेजन) को सहकार्यमा सार्वजनिक उक्त प्रतिवेदनमा बीमा पहुँचका संरचनागत अवरोध पहिचान गर्दै पहुँच, वहनयोग्यता र उपलब्धता सुधारका लागि विभिन्न नीतिगत सिफारिस प्रस्तुत गरिएको छ ।

उक्त अध्ययन प्रतिवेदनले नेपालका सूक्ष्म, साना तथा मझौला उद्यम (एमएसएमई) मा बीमाको पहुँच विस्तार गर्न नीतिगत तथा नियामकीय सुधारको आवश्यकता औँल्याएको छ । प्रतिवेदनले एमएसएमईलाई प्राकृतिक विपद्, जलवायुजन्य जोखिम तथा व्यवसाय अवरोधबाट सुरक्षित बनाउन बीमालाई वित्तीय उत्पादनभन्दा पनि व्यवसाय निरन्तरता र आर्थिक उत्थानशीलताको महत्त्वपूर्ण साधनका रूपमा विकास गर्नुपर्नेमा जोड दिएको छ ।

यूएनडीपीको इन्स्योरेन्स एन्ड रिस्क फाइनान्स फ्यासिलिटी (आईआरएफएफ) को सहयोगमा इन्टिग्रेटेड डेभलपमेन्ट स्टडिज (आईआईडीएस) ले तयार पारेको उक्त अध्ययन प्रतिवेदन सार्वजनिक कार्यक्रममा एमएसएमई क्षेत्रमा बीमा पहुँच विस्तार र वित्तीय उत्थानशीलता सुदृढ गर्ने विषयमा उच्चस्तरीय नीतिगत संवादसमेत आयोजना गरिएको थियो ।

अध्ययनले एमएसएमईहरू रोजगारी सिर्जना, स्थानीय जीविकोपार्जन र आर्थिक वृद्धिका प्रमुख आधार भए पनि विभिन्न जोखिमप्रति अत्यन्त संवेदनशील रहेको देखाएको छ । त्यसैले विपद् जोखिम व्यवस्थापन र व्यवसायको दीर्घकालीन स्थायित्वका लागि बीमा प्रणालीलाई थप प्रभावकारी बनाउन आवश्यक रहेको प्रतिवेदनमा उल्लेख छ ।

नीतिगत संवादमा सरकारी अधिकारी, नीति निर्माता, नियामक निकाय, बीमा उद्योग, वित्तीय संस्था तथा एमएसएमई क्षेत्रका प्रतिनिधिले नियामकीय सुधार, नवीन बीमा उत्पादन विकास, सार्वजनिक-निजी साझेदारी विस्तार तथा दिगो वित्त र विपद् जोखिम वित्तीय व्यवस्थापनसँग बीमालाई जोड्नुपर्नेमा जोड दिएका थिए । त्यस अवसरमा पूर्वअर्थमन्त्री रामेश्वर खनालले नेपालको आर्थिक वृद्धिमा एमएसएमईको महत्त्वपूर्ण योगदान रहेकाले यस क्षेत्रको जोखिम व्यवस्थापनमा निक्षेप तथा कर्जा सुरक्षण कोष र

नेपाल बीमा प्राधिकरणको भूमिका थप प्रभावकारी हुनुपर्ने बताउनभएको थियो । उहाँले बीमा शुल्कमा उपलब्ध सरकारी सहायतालाई सुदृढ गरी एमएसएमईको उत्थानशीलता अभिवृद्धि गर्नुपर्ने धारणा राख्नुभयो ।

यूएनडीपी नेपालका आवासीय प्रतिनिधि क्योको योकोसुकाले एमएसएमई नेपालको अर्थतन्त्रको मेरूदण्ड भए पनि विभिन्न जोखिमबाट सबैभन्दा बढी प्रभावित हुने भएकाले बीमा संरक्षणको दायरा विस्तार गर्नु व्यवसाय, रोजगारी र समग्र अर्थतन्त्रको उत्थानशीलताका लागि आवश्यक रहेको बताउनुभएको थियो । उहाँले समावेशी बीमा प्रणाली विस्तारका लागि सरकार, नेपाल बीमा प्राधिकरण, निजी क्षेत्र तथा विकास साझेदारसँगको सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता जनाउनुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक श्री सुशीलदेव सुवेदीज्यूले अध्ययन प्रतिवेदनका सिफारिसले एमएसएमईका लागि बीमालाई दिगो विकास र उत्थानशीलताको रणनीतिक लगानीका रूपमा स्थापित गर्न सहयोग पुग्ने तथा आगामी नीति तथा नियामकीय सुधारका लागि मार्गनिर्देशन गर्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रमको अन्त्यमा सहभागी सरोकारवालाले अध्ययन प्रतिवेदनका सिफारिस कार्यान्वयनमार्फत एमएसएमई क्षेत्रमा रहेको बीमा संरक्षणको अन्तर घटाउन साझा प्रतिबद्धता व्यक्त गरेका थिए । यूएनडीपीले आईआरएफएफमार्फत नेपाल सरकारसँगको सहकार्यमा जलवायु तथा विपद् जोखिम व्यवस्थापनका लागि नवीन बीमा तथा जोखिम वित्तीय समाधान प्रवर्द्धनमा सहयोग जारी राख्ने जनाएको छ ।

## प्राधिकरणद्वारा बीमा संरक्षण तथा विपद्पछिको पुनर्निर्माणबारे अध्ययन र अन्तर्राष्ट्रिय संवाद




संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) नेपाल र नेपाल बीमा प्राधिकरणले नेपालका सूक्ष्म, साना तथा मझौला उद्यम (एमएसएमई) मा रहेको बीमा संरक्षणसम्बन्धी 'Risk Management in Nepal's MSMEsM The Insurance Protection Gap' अध्ययन प्रतिवेदन सार्वजनिक गरेका छन् ।

प्रतिवेदनले प्राकृतिक विपद्, जलवायु परिवर्तन, सम्पत्ति क्षति तथा व्यवसायमा हुने अवरोधलगायतका जोखिमबाट एमएसएमई प्रभावित हुने भएकाले उनीहरूको बीमा पहुँच, वहनयोग्यता र बीमा सेवाको उपलब्धता विस्तार गर्न नीतिगत, संस्थागत तथा नियामकीय सुधार आवश्यक रहेको औँल्याएको छ ।

एमएसएमईका आवश्यकता र जोखिमको प्रकृतिअनुसार नवीन तथा उपयुक्त बीमालेख विकास गर्न, सरकारी सहयोगलाई प्रभावकारी बनाउन, सार्वजनिक-निजी साझेदारी प्रवर्द्धन गर्न, वित्तीय संस्थासँग सहकार्य बढाउन तथा बीमा सेवामा डिजिटल माध्यमको प्रयोग विस्तार गर्न प्रतिवेदनले सुझाव दिएको छ ।

प्रतिवेदन सार्वजनिक कार्यक्रममा पूर्वअर्थमन्त्री रामेश्वर खनालले एमएसएमईको बीमा पहुँच विस्तारका लागि

सरकारी सहयोगलाई थप प्रभावकारी बनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो । यूएनडीपी नेपालकी आवासीय प्रतिनिधि क्योको योकोसुकाले समावेशी बीमा प्रणाली निर्माणका लागि सरकार, नियामक निकाय, निजी क्षेत्र तथा विकास साझेदारबीच सहकार्य आवश्यक रहेको बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक श्री सुशीलदेव सुवेदीले प्रतिवेदनका सिफारिसले एमएसएमईलाई दिगो विकास र उत्थानशीलताको रणनीतिक लगानीका रूपमा बीमासँग जोड्न मार्गदर्शन गर्ने बताउनुभयो ।

यसैबीच, Al Jazeera Arabic च्यानलमा ८ सेप्टेम्बर २०२६ मा प्रसारण भएको 'Economic File' कार्यक्रमअन्तर्गत "Nepal: Reconstruction Costs and Road Damage Weigh Heavily on the Economy" शीर्षकको टेलिभिजन संवाद कार्यक्रममा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक श्री सुशीलदेव सुवेदीले विपद्पछिको पुनर्निर्माण लागत, जोखिम व्यवस्थापन तथा बीमाको भूमिकाबारे धारणा व्यक्त गर्नुभयो ।

संवादका क्रममा उहाँले भोटेकोशी त्रिशुली बाढीलगायतका ठूला विपद्जन्य घटनाबाट भएको क्षतिको सन्दर्भमा 'जलवायु न्याय' (Climate Justice) को विषयलाई अन्तर्राष्ट्रियस्तरमा उठाउनुपर्नेमा जोड दिनुभयो । जलवायु परिवर्तन तथा वातावरणीय प्रदूषणमा ऐतिहासिक रूपमा बढी योगदान गरेका औद्योगिक राष्ट्र तथा अन्तर्राष्ट्रिय दातृ निकायहरूले विपद्पछिको राहत, पुनःस्थापना तथा पुनर्निर्माणमा सहयोग गर्नुपर्ने धारणा उहाँले व्यक्त गर्नुभयो ।

उहाँका अनुसार हालसम्म बीमा कम्पनीहरूमा विपद्जन्य घटनाबाट भएको क्षतिसम्बन्धी १०० मिलियन अमेरिकी डलरभन्दा बढीको प्रारम्भिक बीमा दाबी परेको छ । बीमा कम्पनीहरूले प्राप्त दाबीको मूल्याङ्कन तथा भुक्तानी प्रक्रियालाई अगाडि बढाइरहेको जानकारी दिँदै उहाँले कुल आर्थिक क्षतिको तुलनामा बीमा दाबीको हिस्सा अझै न्यून रहेको बताउनुभयो ।

बीमा सम्झौता, बीमालेखका प्रावधान तथा प्रचलित कानूनी व्यवस्थाअनुसार मात्रै दाबी भुक्तानी हुने भएकाले कुल क्षतिको शतप्रतिशत रकम बीमाबाट भुक्तानी हुन नसक्ने अवस्था रहेको उहाँले स्पष्ट पार्नुभयो ।

विपद्का कारण उत्पन्न आर्थिक तथा सामाजिक जोखिम व्यवस्थापन, बीमा दाबीको प्रभावकारी व्यवस्थापन र पुनर्निर्माण प्रक्रियामा बीमा क्षेत्रको योगदान महत्त्वपूर्ण रहेको उल्लेख गर्दै उहाँले आपत्कालीन अवस्थामा राहत व्यवस्थापन तथा पुनर्निर्माणका लागि नेपाल बीमा प्राधिकरण सदैव अग्रपङ्क्तिमा रही आवश्यक सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## प्राधिकरणद्वारा विश्व बैङ्कका प्रतिनिधिसँग बाढीबाट भएको क्षतिबारे छलफल



नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक र विश्व बैङ्कका प्रतिनिधिबीच भोटेकोशी त्रिशुली बाढीबाट भएको क्षति तथा त्यसबाट बीमा क्षेत्रमा परेको प्रभावका विषयमा छलफल भएको छ ।

वि.सं. २०८३ साल भदौ २४ गते भएको छलफलमा विश्व बैङ्कका वरिष्ठ कन्ट्री इकोनोमिस्ट Abdoul G. Mijiyawa तथा Sabin Raj Shrestha लगायतका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । विश्व बैङ्कबाट आवधिक रूपमा प्रकाशित हुँदै आएको Nepal Development Update मा समेटिने विषयवस्तुका सम्बन्धमा छलफल केन्द्रित थियो ।

छलफलका क्रममा बाढीबाट भएको क्षतिबापत बीमा कम्पनीहरूमा प्रारम्भिक रूपमा करिब रू. १४ अर्ब बराबरको बीमा दाबी परेको जानकारी गराइएको थियो । प्राप्त प्रारम्भिक तथ्याङ्कअनुसार बीमालेखको पोर्टफोलियोका आधारमा बाढीबाट सबैभन्दा बढी क्षति जलविद्युत् (हाइड्रोपावर) क्षेत्रमा पुगेको जानकारी प्राधिकरणले दिएको थियो ।

बाढीपछिको अवस्थामा बीमा दाबी सङ्कलन तथा मूल्याङ्कन प्रक्रियालाई सहज र प्रभावकारी बनाउन प्राधिकरणले आवश्यक सहजीकरण गरिरहेको जानकारीसमेत दिइएको थियो । विशेषगरी बीमितलाई राहत पुग्ने गरी अग्रिम बीमा दाबी भुक्तानी (Advance Claim Payment) गर्न सहजीकरण गर्ने तथा बाढीबाट भएको क्षतिसम्बन्धी तथ्याङ्क समयमै सङ्कलन र अद्यावधिक गर्ने कार्यमा प्राधिकरणले भूमिका निर्वाह गरिरहेको बताइएको थियो ।

छलफलमा बाढीपछिको राहत, पुनःस्थापना तथा पुनर्निर्माणका लागि सरकारको खर्च बढ्न सक्ने र त्यसले सार्वजनिक वित्त व्यवस्थापनमा थप दबाब सिर्जना गर्न सक्ने विषयमा समेत व्यापक छलफल भएको थियो ।

बाढी तथा प्राकृतिक विपद्का कारण उत्पन्न आर्थिक जोखिम न्यूनीकरणमा बीमा क्षेत्रको भूमिका, क्षतिपूर्ति तथा दाबी भुक्तानी प्रक्रियालाई प्रभावकारी बनाउने उपाय र विपद्पछिको पुनर्निर्माणमा बीमाबाट हुन सक्ने योगदानका विषयमा पनि छलफल भएको थियो ।

## पुनर्बीमा निर्देशिका संशोधन, जोखिम विविधीकरण र स्वदेशी पुनर्बीमामा जोड

नेपाल बीमा प्राधिकरणले 'बीमकको पुनर्बीमा निर्देशिका, २०८०' मा पाँचौँ संशोधन गर्दै बीमकको पुनर्बीमा व्यवस्थालाई थप व्यवस्थित र जोखिममा आधारित बनाउन विभिन्न प्रावधानहरू थप गरेको छ । निर्देशिकामा पछिल्लो पटक २०८३ साल भदौ ७ गते संशोधन गरिएको हो ।

संशोधित व्यवस्थाअनुसार बीमकले आफूले धारण गर्न नसक्ने तथा बाँकी जोखिमको पुनर्बीमा गर्नुपर्नेछ । पुनर्बीमा गर्दा जोखिमको पर्याप्त विविधीकरण गर्नुपर्ने तथा पुनर्बीमकको प्राविधिक र वित्तीय क्षमता विश्लेषण गर्नुपर्ने व्यवस्था गरिएको छ ।

निर्देशिकाले नेपालमा सञ्चालनरत बीमकले जारी गर्ने बीमाङ्कको कम्तीमा २० प्रतिशत प्रत्यक्ष हिस्सा नेपाल पुनर्बीमा कम्पनीबाट पुनर्बीमा गराउनुपर्ने व्यवस्था गरेको छ । साथै, प्रत्यक्ष हिस्सापछि बाँकी हिस्साको कम्तीमा ३० प्रतिशत पुनर्बीमा स्वदेशी पुनर्बीमकलाई प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ । गत जेठ १५ गते नेपाल सरकारले चालु आर्थिक वर्ष २०८३/८४ को बजेटमा नेपालका बीमा कम्पनीहरूले बीमाङ्कको कम्तीमा २० प्रतिशत पुनर्बीमा नेपाल पुनर्बीमा कम्पनीबाट गर्नुपर्ने व्यवस्था गरेको थियो ।

प्रत्येक आर्थिक वर्षका लागि बीमकले पुनर्बीमा नीति तयार गरी लागू गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त नीतिमा पुनर्बीमाको प्रकार, पुनर्बीमक छनोटको आधार, बीमकको खुद धारण, अधिकतम पुनर्बीमा संरक्षण, पुनर्बीमकको रेटिङ, महाविपत्ति पुनर्बीमा तथा आन्तरिक नियन्त्रण प्रणालीजस्ता विषय समेट्नुपर्नेछ ।

जोखिम विविधीकरणतर्फ पनि निर्देशिकाले सीमा तोकेको छ । निर्जीवन बीमामा एउटै पुनर्बीमकसँग सम्पूर्ण पोर्टफोलियोको ६० प्रतिशतभन्दा बढी पुनर्बीमा गर्न नपाइने व्यवस्था छ । नेतृत्व गर्ने पुनर्बीमकलाई कुल पुनर्बीमाको बढीमा ४० प्रतिशत र अन्य सहभागी पुनर्बीमकलाई बढीमा २० प्रतिशतसम्म हिस्सा दिन सकिनेछ ।

प्राकृतिक विपद्बाट हुने ठूलो क्षतिलाई व्यवस्थापन गर्न प्रत्येक बीमकले पर्याप्त महाविपत्ति पुनर्बीमा व्यवस्था गर्नुपर्नेछ । जीवन बीमकको हकमा यस्तो पुनर्बीमा व्यवस्थाअन्तर्गत खुद धारण बढीमा १० करोड रूपैयाँ तथा निर्जीवन बीमकको हकमा नेटवर्थको बढीमा १० प्रतिशतसम्म हुने व्यवस्था गरिएको छ ।

त्यस्तै, पुनर्बीमा गर्दा तोकिएको न्यूनतम वित्तीय सबलता रेटिङ भएका पुनर्बीमकसँग कारोबार गर्नुपर्ने व्यवस्था गरिएको छ । विदेशी पुनर्बीमक तथा पुनर्बीमा दलाललाई प्राधिकरणमा सूचीकरण गर्नुपर्ने र विदेशी पुनर्बीमकको सूचीकरण नम्बर प्रत्येक वर्ष नवीकरण गर्नुपर्ने व्यवस्था पनि निर्देशिकामा छ ।

निर्देशिकाले पुनर्बीमा कारोबारको नियमित अनुगमन, आन्तरिक लेखापरीक्षण, तथ्याङ्क तथा विवरण प्राधिकरणमा समयमै पेश गर्ने र पुनर्बीमा शाखामा दक्ष जनशक्ति विकास गर्नुपर्ने व्यवस्थासमेत गरेको छ ।

संशोधित व्यवस्थाले बीमकको जोखिम धारण क्षमता, पुनर्बीमाको विविधीकरण र स्वदेशी पुनर्बीमा बजारलाई सुदृढ गर्दै बीमा क्षेत्रको वित्तीय स्थायित्व तथा जोखिम व्यवस्थापनलाई थप व्यवस्थित गर्ने लक्ष्य लिएको देखिन्छ ।

# बीमा क्षेत्र सुधारका लागि अध्ययन समिति गठन




अर्थ मन्त्रालयले नेपालको बीमा क्षेत्रको सुधारका लागि अध्ययन तथा सुझाव पेश गर्न श्री सुशीलकुमार ओझाको संयोजकत्वमा तीन सदस्यीय अध्ययन समिति गठन गरेको छ । माननीय अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले मन्त्रीस्तरीय निर्णय गर्दै गठन गरेको समितिमा श्री सहदेव तिवारी र श्रीकृष्ण थापा मगर सदस्य रहेका छन् । समितिलाई बीमा क्षेत्रको वर्तमान अवस्था, सुधारका सम्भावित क्षेत्र तथा आवश्यक नीतिगत उपायबारे अध्ययन गरी सुझावसहितको प्रतिवेदन पेश गर्न ९० दिनको समय दिइएको छ । समितिका संयोजक ओझा अर्थ मन्त्रालयका पूर्वकर्मचारी हुन् । सदस्य तिवारी प्रिमियर इन्स्योरेन्सका पूर्वनायब प्रमुख कार्यकारी अधिकृत हुन् भने अर्को सदस्य श्रीकृष्ण थापा मगर चार्टर्ड अकाउन्टेन्ट हुन् । समितिले बीमा क्षेत्रको सुधार, नियामकीय तथा संस्थागत व्यवस्थाको अध्ययन गर्दै क्षेत्रलाई थप प्रभावकारी, व्यवस्थित र दिगो बनाउन आवश्यक सुझाव सरकारसमक्ष पेश गर्नेछ ।

## बीमा योजनाको भ्रामक प्रचारप्रसारमा प्राधिकरणको कडाइ

नेपाल बीमा प्राधिकरणले बीमा योजनाको बिक्रीमा हुने भ्रामक प्रचारप्रसार तथा गलत अभ्यास (Mis–selling) नियन्त्रण गर्न जीवन तथा लघु जीवन बीमकलाई निर्देशन दिएको छ ।

मिति २०८३ साल भदौ ८ गते एक परिपत्र जारी गर्दै प्राधिकरणले बीमा योजनालाई 'Fixed Deposit Plan', 'ब्याज दिने योजना', 'डबल मनी योजना' वा 'निश्चित लगानी प्रतिफल' जस्ता निक्षेप तथा लगानी योजनाका रूपमा प्रस्तुत गरी बिक्री गर्न रोक लगाएको छ । बीमालेखमा उल्लेख नभएका निश्चित बोनस, प्रतिफल वा लाभको आश्वासन दिनसमेत नपाइने व्यवस्था गरिएको छ ।

त्यस्तै, बीमकले स्वीकृत गरेको प्रचार सामग्रीबाहेक अभिकर्ताले आफूखुसी सामाजिक सञ्जाल वा अन्य माध्यमबाट बीमा योजनाको प्रचार गर्न नपाइने प्राधिकरणले स्पष्ट पारेको छ । बीमा प्रस्ताव गर्दा बीमा निक्षेप वा Fixed Deposit नभएको विषय ग्राहकलाई स्पष्ट रूपमा बुझाउनुपर्नेछ ।

प्राधिकरणले बीमा योजना सिफारिस गर्दा बीमितको आवश्यकता, आर्थिक क्षमता, उमेर, आयस्रोत र बीमाको उद्देश्यलाई ध्यान दिन बीमक तथा अभिकर्तालाई निर्देशन दिएको छ । साथै, बीमकले बिक्री सामग्री, ग्राहकका गुनासा तथा सामाजिक सञ्जाल मार्फत हुने प्रचारप्रसारको नियमित अनुगमन गर्नुपर्नेछ ।

Mis–selling सम्बन्धी गुनासोको छुट्टै अभिलेख राखी त्यसको संख्या, प्रकृति, समाधान र गरिएको कारबाहीको विवरण प्रत्येक त्रैमासिक रूपमा प्राधिकरणमा पेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

प्राधिकरणले निर्देशन विपरीत गलत सूचना दिने, भ्रामक प्रचार गर्ने, अतिरञ्जित दाबी गर्ने वा बीमालेखको वास्तविक प्रकृति लुकाई बिक्री गर्ने बीमक तथा अभिकर्तामाथि बीमा ऐन, २०७९ बमोजिम कारबाही हुने जनाएको छ ।

# दाबी भुक्तानीका बेला अर्को बीमा किन्न दबाब दिए कारबाही हुने

नेपाल बीमा प्राधिकरणले बीमितलाई दाबी भुक्तानीका क्रममा अर्को बीमालेख खरिद गर्न अनुचित दबाब नदिन जीवन तथा लघु जीवन बीमकलाई निर्देशन दिएको छ । प्राधिकरणले मिति २०८३ साल साउन ८ गते एक परिपत्र जारी गर्दै वैदेशिक रोजगार म्यादी जीवन बीमा तथा अन्य जीवन बीमाको दाबी भुक्तानी गर्ने क्रममा केही बीमकले पुनः अर्को बीमालेख खरिद गर्न बीमितलाई दबाब दिने गरेको गुनासो आएपछि यस्तो निर्देशन दिएको हो ।

प्राधिकरणले दाबी भुक्तानी बीमकको करारीय दायित्व भएको स्पष्ट गर्दै दाबी भुक्तानीलाई अर्को बीमालेख बिक्रीसँग जोड्न नपाइने जनाएको छ । दाबी भुक्तानीका लागि अर्को बीमालेख खरिद गर्नुपर्ने शर्त राख्ने वा बीमितलाई अनुचित दबाब दिने कार्य पाइएमा बीमा ऐन, २०७९ बमोजिम कारबाही हुने चेतावनीसमेत दिएको छ ।

प्राधिकरणले यस्तो अभ्यासले बीमितको अधिकार प्रभावित हुने भएकाले दाबी भुक्तानी प्रक्रिया निष्पक्ष र सहज बनाउन बीमकहरूलाई निर्देशन दिएको हो ।

# बाढी प्रभावितको दाबी यथाशीघ्र फछ्र्योट गर्न बीमा प्राधिकरणको निर्देशन



नेपाल बीमा प्राधिकरणले भोटेकोशी त्रिशूली नदीमा आएको बाढीबाट प्रभावित बीमितको दाबी यथाशीघ्र र सहज रूपमा फछ्र्योट गर्न २०८३ साल भदौ ११ गते निर्जीवन तथा लघु निर्जीवन बीमकलाई निर्देशन दिएको छ ।

प्राधिकरणले २०८३ साल भदौ १० गते आएको बाढीबाट विभिन्न स्थानमा भएको मानवीय, पूर्वाधार तथा बीमितको धनसम्पत्तिमा भएको क्षतिलाई ध्यानमा राख्दै प्रभावितको दाबी भुक्तानी प्रक्रिया छिटो अघि बढाउन निर्देशन दिएको हो ।

प्राधिकरणले बाढीका कारण बीमकका शाखा कार्यालयमा भएको क्षतिको विवरण तथा प्राप्त दाबीको अवस्थासमेत नियमित रूपमा उपलब्ध गराउन निर्देशन दिइएको छ । बीमकले शाखा कार्यालयमा भएको क्षति तथा दाबी प्रक्रियासम्बन्धी विवरण प्रत्येक दिन बेलुका ४ बजेसम्म तोकिएको ढाँचामा पेश गर्नुपर्नेछ ।

दाबीसम्बन्धी विवरणमा बीमाको प्रकार, बीमालेखको नाम, बीमितको विवरण, बीमाङ्क रकम, अनुमानित तथा वास्तविक दाबी रकम, भुक्तानी भएको रकम, बाँकी दाबी र अन्तिम भुक्तानीको विवरण समावेश गर्नुपर्नेछ ।

त्यस्तै, बाढीबाट प्रभावित बीमकका शाखा कार्यालयको सङ्ख्या, कर्मचारी सङ्ख्या तथा शाखा कार्यालय र भौतिक संरचनामा भएको अनुमानित क्षतिको विवरणसमेत सङ्कलन गरी प्राधिकरणमा पेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

प्राधिकरणको यो निर्देशनले बाढी प्रभावित बीमितलाई दाबी भुक्तानीमा सहजीकरण गर्नुका साथै विपद्बाट बीमा क्षेत्रमा परेको क्षतिको नियमित अनुगमन र अभिलेखीकरणलाई समेत प्राथमिकता दिएको छ ।

# बीमा दाबीमा डिजिटल ट्र्याकिङ् प्रणाली अनिवार्य, ग्राहकले प्रत्येक चरणको जानकारी पाउने

नेपाल बीमा प्राधिकरणले सम्पूर्ण इजाजतप्राप्त बीमा कम्पनीहरूका लागि दाबी भुक्तानी प्रक्रियामा अनिवार्य रूपमा डिजिटल ट्र्याकिङ्ग प्रणाली (Digital Tracking System) लागू गर्न निर्देशन दिएको छ । प्राधिकरणको नियमन शाखाले साउन ७ गते एक परिपत्र जारी गर्दै आगामी तीन महिनाभित्र यो प्रणाली तयार गरी पूर्ण रूपमा कार्यान्वयनमा ल्याउन समयसीमा तोकेको हो ।

बीमकहरूको दाबी व्यवस्थापन प्रक्रियालाई थप पारदर्शी, उत्तरदायी, प्रभावकारी एवं प्रविधिमैत्री बनाउन यो कदम चालिएको प्राधिकरणले जनाएको छ । नयाँ व्यवस्था लागू भएसँगै बीमित (ग्राहक) हरूले आफ्नो दाबीको अवस्थाबारे वास्तविक समय (Real–time) मा जानकारी प्राप्त गर्न सक्नेछन् ।

यस डिजिटल प्रणाली अन्तर्गत बीमितले बीमा दाबीको प्रारम्भिक सूचना कम्पनीलाई दिएको समयदेखि लिएर कम्पनीले अन्तिम दाबी भुक्तानी नगर्दासम्मको प्रत्येक चरणको अपडेट ग्राहकले प्रत्यक्ष रूपमा पाउने सुनिश्चित गरिएको छ । यो प्रणालीको कार्यान्वयनसँगै बीमा क्षेत्रमा देखिँदै आएको दाबी भुक्तानीको ढिलासुस्ती र अन्योल हट्ने विश्वास गरिएको छ ।

# बीमा प्राधिकरणद्वारा 'जोखिममा आधारित पुँजी तथा सोल्भेन्सी निर्देशिका, २०८३' जारी

नेपाल बीमा प्राधिकरणले बीमा बजारलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाउने उद्देश्यका साथ एक महत्त्वपूर्ण कदम चालेको छ । प्राधिकरणको सञ्चालक समितिले बीमा ऐन, २०७९ को दफा १६६ ले दिएको अधिकार प्रयोग गरी 'जोखिममा आधारित पुँजी (RBC) तथा सोल्भेन्सी निर्देशिका, २०८३' स्वीकृत गरी लागू गरेको छ । सो निर्देशिका २०८३ साउन १९ गते प्राधिकरणले स्वीकृत गरेको छ ।

विगत दुई वर्षको अभ्यास र सरोकारवालाहरूसँगको परामर्शपछि पुरानो व्यवस्थालाई अद्यावधिक गर्दै प्राधिकरणले यो एकीकृत र परिमार्जित निर्देशिका जारी गरेको हो । यसले नेपालको बीमा क्षेत्रमा अन्तर्राष्ट्रिय अभ्यासहरूको अनुसरण गर्दै जोखिममा आधारित पुँजीको गणनामा थप स्पष्टता प्रदान गरेको छ ।

### 'जोखिममा आधारित पुँजी तथा सोल्भेन्सी निर्देशिका, २०८३' का मुख्य बुँदाहरू

- **निर्देशिकाको उद्देश्य:** बीमकहरूले आफ्नो जोखिम प्रोफाइल अनुसारको पुँजी पर्याप्तता कायम गरून्, वित्तीय सफ्ट सामना गर्न सकून् र संस्थागत सुशासन एवं जोखिम व्यवस्थापन प्रणाली चुस्त होस् भन्ने यसको मुख्य उद्देश्य हो ।
- जोखिममा आधारित पुँजी (RBC) गणना: निर्देशिकाले बीमकहरूको सम्पत्ति र दायित्वलाई बजार मूल्य (Market Value) का आधारमा मूल्याङ्कन गर्ने व्यवस्था गरेको छ । जोखिम पुँजीको गणना गर्दा काउन्टरपार्टी डिफल्ट जोखिम, बजार जोखिम, जीवन बीमा जोखिम, निर्जीवन बीमा जोखिम र सञ्चालन (Operational) जोखिमलाई समावेश गरिन्छ ।
- **Solvency गणना:** निर्देशिकाले सम्पत्ति तथा दायित्यको मध्यनजर गरी जोखिमको आधारमा बीमकको Solvency गणना गर्ने व्यवस्था गरेको छ ।

### 'जोखिममा आधारित पुँजी तथा सोल्भेन्सी निर्देशिका, २०८३' मा थप तथा परिमार्जित बुँदाहरू

- Margin Over Best Estimate: जीवन बीमकको हकमा Margin Over Best Estimate (MOBE) लाई ९५ प्रतिशतबाट ८५ प्रतिशत Confidence Level मा परिवर्तन गरिएको छ ।
- Concentration RiskM बीमकको लगानीको सीमाको आधारमा लाग्ने Concentration Risk लाई ८५ प्रतिशतबाट ७५ प्रतिशतमा परिवर्तन गरिएको छ ।
- Future Discretionary Benefits (FDB) and MOBE: जीवन बीमकको Best Estimate निर्धारणमा आत्यावश्यक FDB तथा MOBE को गणनाका विषयमा थप स्पष्टता प्रदान गरिएको छ ।
- Loss Absorbing Capacity: अन्तराष्ट्रिय असल अभ्यासको अनुसरण गर्दै जोखिममा आधारित पुँजीको गणनामा Loss Absorbing Capacity लाई समावेश गरिएको छ ।
- Interest Rate Risk: बीमकको Interest Rate Risk लाई मध्यनजर गर्दै नयाँ Interest Rate Shocks को तालिका समावेश गरिएको छ ।

# निर्जीवन लघुबीमकलाई पनि कृषि, पशुपन्छी तथा जडीबुटी बीमा कार्यक्रममा आबद्ध गराउँदै प्राधिकरण



समावेशी बीमाको पहुँच विस्तार गर्ने उद्देश्यले नेपाल बीमा प्राधिकरणले निर्जीवन लघुबीमा कम्पनीहरूलाई कृषि, पशुपन्छी तथा जडीबुटी बीमा कार्यक्रममा आबद्ध गराउने प्रक्रिया अघि बढाएको छ ।

विशेषगरी न्यून आय भएका, साना तथा सीमान्तकृत कृषक एवं बीमाको पहुँचबाट बाहिर रहेका वर्गसम्म सरल, सहज र सुलभ रूपमा बीमा सेवा पुऱ्याउने उद्देश्यले निर्जीवन लघुबीमा कम्पनीहरूको सहभागिता बढाउन प्राधिकरणले आवश्यक प्रशासनिक, प्राविधिक तथा प्रणालीगत तयारी अघि बढाएको हो ।

कृषि, पशुपन्छी तथा जडीबुटी क्षेत्रमा विभिन्न प्रकारका जोखिमका कारण हुन सक्ने आर्थिक क्षतिबाट कृषक तथा व्यवसायीलाई सुरक्षा प्रदान गर्न बीमाको पहुँच विस्तार आवश्यक रहेको सन्दर्भमा प्राधिकरणले लघुबीमा कम्पनीहरूको सहभागितालाई प्राथमिकताका साथ अघि बढाएको हो । अन्तर्राष्ट्रिय स्तरमा समेत लघु तथा समावेशी बीमामार्फत कृषि, पशुपन्छी तथा मौसमजन्य जोखिमबाट प्रभावित वर्गलाई वित्तीय सुरक्षा प्रदान गर्ने अभ्यासहरू विकसित हुँदै आएका छन् ।

यसै क्रममा साउन र भदौ महिनामा प्राधिकरणका कार्यकारी निर्देशक, लघुबीमा शाखा, सूचना प्रविधि शाखा तथा कृषि शाखाका प्रतिनिधिहरू र निर्जीवन लघुबीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत, अन्डरराइटिङ प्रमुख तथा सूचना प्रविधि प्रमुखहरूबीच कृषि, पशुपन्छी तथा जडीबुटी बीमा सञ्चालन, अन्डरराइटिङ प्रक्रिया, सूचना प्रविधि प्रणाली तथा कम्पनीहरूलाई प्रणालीमा आबद्ध गराउने विषयमा विभिन्न चरणमा छलफल तथा समन्वय गरिएको थियो । छलफलका क्रममा कृषि, पशुपन्छी तथा जडीबुटी लघुबीमासम्बन्धी विवरण तथा कारोबारलाई बेक्ष्क (ब्नचष्अगतिगचभ बलम ीष्खभकतयअप क्ष्लकगचबलअभ क्थकतभ) मार्फत व्यवस्थापन गर्ने विषयमा सहमति भएको थियो । सोहीअनुसार सम्बन्धित लघुबीमा कम्पनीका

सूचना प्रविधि प्रमुख तथा प्राविधिक कर्मचारीहरूलाई बिक्ष्क प्रणालीको प्रारम्भिक परिचय तथा प्रणालीमा हुने कार्यप्रक्रियाबारे जानकारी गराइएको थियो ।

प्रणालीलाई प्रयोगमा ल्याउनुअघि सम्बन्धित कम्पनीका प्रयोगकर्तामार्फत ग्ब्ट (ग्कभच ब्अअभउतबलअभ त्भकतष्लन) सञ्चालन गरी प्रणालीको परीक्षण गर्ने व्यवस्था गरिएको थियो । साथै, प्रत्येक लघुबीमा कम्पनीबाट कृषि, पशुपन्छी तथा जडीबुटी लघुबीमासम्बन्धी कार्यका लागि ँयअबिएभचकयल तोक्ने व्यवस्था गरिएको थियो ।

तोकिएका प्रयोगकर्तामार्फत बिक्ष्क प्रणालीको ग्ब्ट तथा प्राविधिक परीक्षण गर्दा देखिएका समस्या र आवश्यक सुधारका विषयमा सम्बन्धित पक्षसँग छलफल गरी समाधानका लागि आवश्यक समन्वय गरिएको थियो । ग्ब्ट तथा आवश्यक प्राविधिक परीक्षण सम्पन्न भएपछि सम्बन्धित लघुबीमा कम्पनीहरूलाई बिक्ष्क प्रणालीमा आबद्ध गरी प्रणालीलाई ीष्खभ मा लैजाने प्रक्रिया अघि बढाइएको छ । यस क्रममा प्राधिकरणको लघुबीमा शाखा, कृषि शाखा तथा सूचना प्रविधि शाखा र सम्बन्धित बिक्ष्क क्यातधबचभ ख्भलमयच बीच आवश्यक प्राविधिक समन्वय तथा सहजीकरण गरिएको थियो ।

त्यसैगरी, निर्जीवन लघुबीमा कम्पनीका प्रतिनिधिहरूसँग बिक्ष्क क्यातधबचभ को प्रयोग तथा एचयमगअत ब्ौउचयखबिएचयअभकक का विषयमा समेत छलफल गरिएको थियो । कृषि, पशुपन्छी तथा जडीबुटी बीमा सञ्चालनका लागि सम्बन्धित लघुबीमा कम्पनीहरूले आफ्ना शाखा कार्यालयमा कार्यरत कर्मचारीलाई आवश्यक अभिमुखीकरण तथा तालिम प्रदान गर्ने व्यवस्था अघि बढाएका छन् ।

कृषि, पशुपन्छी तथा जडीबुटी बीमाअन्तर्गत जारी भएका बीमालेखको विवरण प्रत्येक महिना प्राधिकरणको लघुबीमा शाखामा पेश गर्ने व्यवस्था समेत गरिएको छ । यसबाट बीमा कारोबारको विवरण स□लन, अनुगमन तथा प्रतिवेदन प्रणालीलाई थप व्यवस्थित बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## साउन र भदौमा बीमा कम्पनीहरूमा स्थलगत निरीक्षण

नेपाल बीमा प्राधिकरणको केन्द्रीय कार्यालयले चालु आर्थिक वर्ष २०८३/८४ को साउन र भदौ महिनामा विभिन्न बीमा कम्पनीहरूको स्थलगत निरीक्षण कार्य सम्पन्न गरेको छ । उक्त अवधिमा २ वटा बीमा कम्पनीमा नियमित र १ वटा बीमा कम्पनीमा आकस्मिक गरी ३ वटा जीवन बीमा कम्पनीमा स्थलगत निरीक्षण र निर्जीवन बीमा व्यवसायतर्फ दुईवटा नियमित स्थलगत निरीक्षण र १ वटा पुनर्बीमा कम्पनीमा आकस्मिक स्थलगत निरीक्षण गरिएको छ ।

जीवन बीमातर्फ नियमित निरीक्षणअन्तर्गत एसियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र आईएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडमा नियमित स्थलगत निरीक्षण गरिएको छ । त्यसैगरी, आकस्मिक निरीक्षणअन्तर्गत सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडमा निरीक्षण गरिएको छ ।

त्यस्तै, निर्जीवन बीमा व्यवसायतर्फ नियमित निरीक्षणअन्तर्गत शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड र आईजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेडमा स्थलगत निरीक्षण गरिएको छ । प्राधिकरणबाट सो अवधिमा नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको आकस्मिक निरीक्षण गरिएको छ ।

# प्राधिकरणद्वारा कर्मचारीहरूको क्षमता अभिवृद्धिमा जोड

नेपाल बीमा प्राधिकरणद्वारा चालु आ.व.२०८३/८४ को साउन र भदौ महिनामा विभिन्न विषयमा ३६ जना कर्मचारीहरूलाई तालिम प्रदान गरेको छ । त्यसैगरी सो अवधिमा ८ जना कर्मचारीहरूलाई सेवाकालिन तालिम प्रदान गरेको छ, जसमा ३ जना उपनिर्देशक र ५ जना सहायक निर्देशक रहेका छन । तालिमसम्बन्धी विस्तृत विवरण देहाय बमोजिम रहेका छः

| क्र.सं. | तालिम शीर्षक | तालिम अवधि | सहभागी सङ्ख्या | तालिम स्थान |
|---|---|---|---|---|
| १. | Research methods for insurance professionals– qualitative research= | साउन १५-१६ | १ | IIN |
| २. | Certification course on AI for members | साउन २२-२४ | १ | ICAN |
| ३. | Post–budget refressor workshop on income tax & vat policy २०८३/८४ | साउन २३-२४ | १ | National Managament Service |
| ४. | Integrating Safeguards Against Workplace Harassment | साउन २७ | २ | MAN |
| ५. | Drafting Training | साउन २९ | २४ | IIN |
| ६. | TOT (Training of Trainers) training | भदौ ३-५ | २ | Staff Collge |
| ७. | Emotional intellegience mindset skills for responding instead of reacting | भदौ २३-२४ | २ | IIN |
| ८. | Mastering public procurement | भदौ २६ | ३ | MAN |
| ९. | सेवाकालीन तालिम | साउन र भदौ | ८ | Staff College |
| **जम्मा तालिम प्राप्त कर्मचारी सङ्ख्या** | | | ४४ जना | |

# वित्तीय विवरण स्वीकृत एवं आन्तरिक लेखापरीक्षण कार्यविधि २०८३ लाई अन्तिम रूप

नेपाल बीमा प्राधिकरणले नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको आर्थिक वर्ष २०८०/८१ को वित्तीय विवरणको प्रारम्भिक तथा अन्तिम स्वीकृति प्रदान गरेको छ । बीमकबाट पेश भएको वित्तीय विवरणको आवश्यक अध्ययन, परीक्षण तथा विश्लेषणपश्चात् प्रारम्भिक र अन्तिम स्वीकृतिको प्रक्रिया सम्पन्न गरिएको हो ।

त्यसैगरी, नेपाल बीमा प्राधिकरणको आन्तरिक लेखापरीक्षण कार्यविधि, २०८३ तयार गरी नीतिगत दस्तावेज उपसमितिमा छलफल गरिएको छ । उपसमितिमा भएको छलफल तथा आवश्यक सुझावका आधारमा कार्यविधिलाई परिमार्जन गरी अन्तिम रूप दिइएको छ ।

आन्तरिक लेखापरीक्षणलाई थप व्यवस्थित, प्रभावकारी तथा पारदर्शी बनाउने उद्देश्यले तयार गरिएको उक्त कार्यविधिले प्राधिकरणभित्रको वित्तीय तथा प्रशासनिक कार्यको आन्तरिक परीक्षण, जोखिम पहिचान र नियन्त्रण प्रणालीलाई थप स्पष्ट र व्यवस्थित बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

# कोशी प्रदेश कार्यालय

## जीवन र निर्जीवन बीमकका प्रदेश कार्यालय प्रमुख तथा शाखा कार्यालय प्रमुखहरूसँग छलफल तथा अन्तर्क्रिया



मिति २०८३ साल भदौ ५ गते नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयद्वारा आयोजित छलफल तथा अन्तर्क्रिया कार्यक्रममा बीमा सेवालाई थप व्यवस्थित, पारदर्शी र बीमितमैत्री बनाउन जीवन तथा निर्जीवन बीमा कम्पनीका प्रदेश प्रमुख एवं प्रतिनिधिहरूलाई निर्देशन दिइएको छ । नवनियुक्त प्रदेश कार्यालय प्रमुख श्री राजेन्द्र महर्जनलाई स्वागत तथा बधाई ज्ञापन गर्न आयोजित उक्त कार्यक्रममा आगामी आर्थिक वर्षको कार्ययोजना, बीमा व्यवसायका विद्यमान चुनौती र सेवा सुधारका उपायहरूबारे छलफल गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेश कार्यालय प्रमुख श्री राजेन्द्र महर्जनले बीमा क्षेत्रका समस्या समाधानका लागि अभिकर्ताहरूलाई थप जिम्मेवार, व्यावसायिक र उत्तरदायी बनाउनुपर्नेमा जोड दिनुभयो । बीमितसँग प्रत्यक्ष सम्पर्कमा रहने अभिकर्ताले बीमा योजना बिक्री गर्दा बीमालेखका शर्त, जोखिम कभरेज, दाबी प्रक्रिया तथा ल्याप्स र सरेन्डरसम्बन्धी व्यवस्थाबारे स्पष्ट र पूर्ण जानकारी दिनुपर्ने उहाँको भनाइ थियो ।

मिससेलिङ (गलत वा अपूर्ण जानकारी दिएर बीमा बेच्ने प्रवृत्ति) नियन्त्रणका लागि अभिकर्तालाई जिम्मेवार बनाउने गरी डिक्लेरेसन फर्म कार्यान्वयनमा ल्याउनुपर्ने र बीमितले आवश्यक सूचना पाएको सुनिश्चित भएपछि मात्र बीमालेख जारी गर्ने प्रणाली स्थापित गर्नुपर्ने उहाँले बताउनुभयो । गलत सूचनाका कारण दाबी भुक्तानीमा विवाद सिर्जना हुने भएकाले अभिकर्ताहरूलाई बिक्रीमा मात्र नभई व्यावसायिक आचरण, जोखिम पहिचान र बीमा शर्तबारे नियमित तालिम दिन कम्पनीहरूलाई निर्देशन दिइएको छ ।

यसैगरी, निर्जीवन बीमा व्यवसायतर्फ बै□मार्फत जारी हुने बीमालेखको प्रभावकारी समीक्षा गर्न आग्रह गर्दै विशेष गरी सम्पत्ति तथा स्टक बीमामा कच्चा पदार्थ, अर्धतयारी र तयारी वस्तुको विवरण स्पष्ट खुलाउनुपर्नेमा जोड दिइयो । वास्तविक जोखिम र कागजी विवरण नमिल्दा भविष्यमा दाबी भुक्तानीमा समस्या आउने भएकाले बीमालेख जारी गर्नुअघि विवरण र घोषणाको पूर्णता राम्ररी जाँच गर्न कम्पनीहरूलाई सचेत गराइएको छ ।

बीमा क्षेत्रलाई स्वच्छ, प्रतिस्पर्धी र विश्वासयोग्य बनाउन ग्राहकलाई पर्याप्त सूचना दिने, अभिकर्तालाई उत्तरदायी बनाउने, कर्मचारीको क्षमता बढाउने र प्रदेश कार्यालय, शाखा तथा अभिकर्ताहरूबीच बलियो समन्वय कायम गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

# विद्यार्थी तथा शिक्षकसँग बीमा सम्बन्धी छलफल तथा अन्तर्क्रिया




मिति २०८३ साल भदौ ११ गते नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालय, विराटनगरको आयोजनामा मोरङ जिल्लास्थित श्री जनता नमुना माध्यमिक विद्यालयमा विद्यार्थी तथा शिक्षकहरूसँग बीमा सम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । विद्यार्थी तथा शिक्षकमार्फत आम नागरिकमा बीमा सम्बन्धी सचेतना अभिवृद्धि गरी बीमाको पहुँच विस्तार गर्ने उद्देश्यले प्राधिकरणले स्वीकृत वार्षिक कार्यक्रम अनुसार यो अभिमुखीकरण आयोजना गरेको हो ।

कार्यक्रममा प्राधिकरणका प्रदेश कार्यालय प्रमुख श्री राजेन्द्र महर्जनले नेपालको वित्तीय प्रणाली, बीमाको परिचय, प्रकार, महत्त्व, चुनौतीहरूका साथै नेपाल बीमा प्राधिकरणको काम, कर्तव्य र अधिकारबारे विस्तृत प्रस्तुतीकरण गर्नुभयो । प्रस्तुतीका क्रममा वित्तीय साक्षरता अभिवृद्धि गर्दै विद्यार्थीहरूसँग बीमा विषयमा छलफल गरियो । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक श्री चिन्तामणी रिजालले आर्थिक जोखिम न्यूनीकरणका लागि बीमा अत्यावश्यक रहेको बताउँदै यस्ता साक्षरता कार्यक्रमले विद्यार्थी र अभिभावक दुवैमा व्यावहारिक ज्ञान बढाउने धारणा व्यक्त गर्नुभयो ।

नेपाल बीमा प्राधिकरण कोशी प्रदेश कार्यालयका प्रमुख श्री राजेन्द्र महर्जनको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रमको समापन सत्रमा विद्यार्थीहरूले उठाएका विविध जिज्ञासाहरूको सम्बोधन गरिएको थियो । प्रदेश कार्यालय प्रमुख महर्जनले जीवन, घर, कृषि तथा पशुपन्छी बीमाले विपत् र क्षतिबाट जोगिन आर्थिक सुरक्षा प्रदान गर्ने बताउँदै बीमा गर्दा नियम र शर्तहरू राम्ररी बुझ्न आग्रह गर्नुभयो । साथै, बीमा क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च रहेकाले अध्ययनरत विद्यार्थीहरूका लागि यो एउटा प्रबल करिअरको माध्यम बन्न सक्ने उजागर गर्दै भविष्यमा पनि यस्ता चेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाउनुभयो । यस कार्यक्रमले विद्यार्थीहरूमा बीमाबारे सकारात्मक धारणा विकास गरी समुदायस्तरमै सचेतना फैलाउन महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

# तिज विशेष महिला बीमा साक्षरता कार्यक्रम




मिति २०८३ साल भदौ ११ गते नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा मोरङको विराटनगरमा तिज विशेष महिला बीमा साक्षरता कार्यक्रम सम्पन्न भएको छ । नेपाली महिलाहरूको महान् पर्व तिजको पावन अवसर पारेर आयोजना गरिएको यस कार्यक्रममा लक्ष्मीनारायण भजन मण्डली महिला समूहका सदस्यहरू, बीमा कम्पनीका महिला कर्मचारी तथा प्रतिनिधिहरू, प्राधिकरणका कर्मचारीहरू साथै अन्य सरोकारवाला महिलाहरूको सहभागिता थियो ।

महिला वर्गमा बीमाको पहुँच पुऱ्याउने, बीमासम्बन्धी जनचेतना अभिवृद्धि गर्ने र महिला सशक्तीकरणमा योगदान पुऱ्याउने मूल उद्देश्यका साथ कार्यक्रम सञ्चालन गरिएको थियो । समाजको आधारभूत इकाईका रूपमा रहेका महिलाहरू आर्थिक तथा पारिवारिक निर्णयमा प्रत्यक्ष प्रभावशाली हुने भएकाले उनीहरूलाई बीमाको दायरामा ल्याउनु अपरिहार्य रहेको प्राधिकरणको भनाइ छ ।

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख राजेन्द्र महर्जनको सभाध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयकी सहायक सचिव श्री दुर्गा भण्डारी बराल प्रमुख अतिथि र लक्ष्मी नारायण भजन मण्डली महिला समूहकी अध्यक्ष श्री पार्वता घिमिरे विशेष अतिथि हुनुहुन्थ्यो । सहायक प्रथम ममता चुवानले सञ्चालन गर्नु भएको उक्त कार्यक्रममा प्राधिकरणका तर्फबाट सहायक निर्देशक पुष्पा खनालले बीमासम्बन्धी विस्तृत प्रस्तुतीकरण गर्नुभएको थियो । प्रस्तुतिका क्रममा वि.सं. २०२५ मा बीमा समितिको रूपमा स्थापना भई आजको रूपसम्म आइपुगेको प्राधिकरणको इतिहास, यसका उद्देश्य, कानूनी आधार, काम-कर्तव्य र अधिकारका बारे प्रकाश पारिएको थियो । साथै, जीवन, निर्जीवन, लघु बीमा तथा पुनर्बीमाका प्रकारहरू, बीमा गर्ने सही प्रक्रिया, प्रस्ताव फाराम भर्ने तरिका, दाबी भुक्तानीका लागि चाहिने आवश्यक कागजात र बीमाशुल्कमा पाइने आयकर छुटबारे व्यावहारिक मार्गदर्शन प्रदान गरिएको थियो । आधिकारिक व्यक्ति वा संस्थाबाट मात्र बीमा गर्न र बीमालेख सुरक्षित राख्न सहभागीहरूलाई आग्रह गरियो । औपचारिक प्रस्तुती पश्चात् आयोजित अन्तर्क्रिया सत्रमा सहभागी महिलाहरूले बीमासम्बन्धी आफ्ना प्रश्न तथा जिज्ञासाहरू राखेका थिए । कार्यक्रमका सहभागीहरूले बीमा सम्बन्धी ज्ञानले आफूहरूमा वित्तीय आत्मनिर्भरता र सचेतना बढाउन ठूलो मद्दत पुऱ्याएको प्रतिक्रिया दिँदै आगामी दिनमा ग्रामीण तथा दुर्गम क्षेत्रका महिलाहरूलाई समेत समेटेर यस्ता साक्षरता कार्यक्रमहरू सञ्चालन गर्न सुझाव दिएका छन् । प्राधिकरणले पनि महिला सशक्तीकरणलाई प्राथमिकतामा राख्दै स्थानीय तह र महिला समूहहरूसँगको सहकार्यमा आगामी दिनमा यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ ।

# मधेश प्रदेश कार्यालय

## विद्यार्थी तथा शिक्षकहरूसँग अन्तर्क्रिया तथा छलफल




नेपाल बीमा प्राधिकरण मधेस प्रदेश कार्यालयको आ.व. ०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विद्यार्थी तथा शिक्षकहरूसँग अन्तर्क्रिया तथा छलफल कार्यक्रम अन्तर्गत मिति २०८३ साल भदौ ०४ गते अमलेखगन्ज, बारास्थितनेपाल माध्यमिक विद्यालयमा सम्पन्न भयो । नेपाल बीमा प्राधिकरण मधेस प्रदेश कार्यालयका सहायक निर्देशक महेश मण्डलको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रमको प्रमुख अतिथिनेपाल माध्यमिक विद्यालय बाराका प्रधानाध्यापक श्री माधव नेपालज्यू रहनु भएको थियो ।

श्री नेपाल माध्यमिक विद्यालय अमलेखगन्ज बारामा नेपाल बीमा प्राधिकरण मधेस प्रदेशका सहायक निर्देशक महेश मण्डल र सहायक निर्देशक सुस्मा थापाको उपस्थितिमा शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम सम्पन्न भयो ।

नेपाल बीमा प्राधिकरण मधेस प्रदेशका सहायक निर्देशक सुस्मा थापाले औपचारिक रूपमा कार्यक्रम सञ्चालन तथा विषयवस्तुको प्रस्तुतीकरण अडियो, भिडियो र स्लाइडहरूमार्फत गर्नुभएको थियो भने कार्यक्रमको व्यवस्थापन सहायक निर्देशकमहेश मण्डलले गर्नुभएको थियो ।

कार्यक्रममा आफ्नो धारणा राख्नुहुँदै प्रमुख अतिथि तथा विद्यालयका प्राधानाध्यापकमाधव नेपालले विद्यालयमा पहिलोपटक आयोजना गरिएको बीमासम्बन्धी सचेतना कार्यक्रममा सहभागी हुन पाउँदा आफूलगायत सम्पूर्ण विद्यार्थीहरूले बीमाका विषयमा महत्त्वपूर्ण जानकारी प्राप्त गरेको बताउनुभयो । साथै, बीमासम्बन्धी विभिन्न जिज्ञासाहरूको सहज रूपमा समाधान गर्न पाउँदा आफू निकै खुसी भएको उल्लेख गर्दै यस्ता सचेतनामूलक कार्यक्रमहरू पटकपटक सञ्चालन गर्न सुझाव दिनुभयो । नेपाल बीमा प्राधिकरण, मधेस प्रदेश कार्यालयका सहायक निर्देशकमहेश मण्डलले बीमा शिक्षामार्फत बीमाको दायरा वृद्धि गरी सबैलाई आर्थिक जोखिम कम गराउने एक सशक्त माध्यम नै बीमा भएको बताउँदै बीमा गर्न र गराउन सबैलाई सुझाउनुभयो । विद्यार्थीहरूलाई बीमाबारे सही ज्ञान भएमा समाजले बीमाबारे सकारात्मक सोच सिर्जना गर्न सक्ने र बीमाको भविष्य समेत राम्रो हुने जानकारी दिँदै उहाँले धन्यवादसहित कार्यक्रम समापन गर्नुभएको थियो ।



# विद्यार्थी तथा शिक्षकहरूसँग अन्तर्क्रिया तथा छलफल



नेपाल बीमा प्राधिकरण मधेस प्रदेश कार्यालयको आ.व ०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विद्यार्थी तथा शिक्षकहरूसँग अन्तर्क्रिया तथा छलफल कार्यक्रम अन्तर्गत मिति २०८३ साल भदौ ११ गते जनकपुर, धनुषास्थित श्री सफ्टमोचन देवशरण रामरती माध्यमिक विद्यालयमा सम्पन्न भयो । नेपाल बीमा प्राधिकरण मधेस प्रदेश कार्यालयका सहायक निर्देशक महेश मण्डलको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रमको प्रमुख अतिथि श्री सफ्टमोचन देवशरण रामरती माध्यमिक विद्यालय धनुषाका प्राधानाध्यापक श्री शम्भु साहज्यू रहनुभएको थियो ।

नेपाल बीमा प्राधिकरण मधेस प्रदेशका सहायक प्रथम निकेश लाल कर्णले औपचारिक रूपमा कार्यक्रम सञ्चालन तथा बिषयबस्तुको प्रस्तुतिकरण गर्नु भएको थियो भने कार्यक्रमको व्यवस्थापन सहायक निर्देशक महेश मण्डलले गर्नुभएको थियो ।

नेपाल बीमा प्राधिकरण, मधेस प्रदेश कार्यालयका सहायक निर्देशक महेश मण्डलले विद्यार्थीहरूमा बीमासम्बन्धी ज्ञान तथा सचेतना अभिवृद्धि गर्न सकेमा समाजमा बीमाको पहुँच र दायरा विस्तार गर्न महत्त्वपूर्ण योगदान पुग्ने बताउनुभयो ।

उहाँले बीमाले व्यक्ति तथा परिवारलाई विभिन्न आर्थिक जोखिमबाट सुरक्षित राख्न सहयोग गर्ने भएकाले विद्यार्थीहरूले प्राप्त गरेको बीमासम्बन्धी ज्ञानलाई परिवार तथा समुदायसम्म पुर्‍याउन आग्रह गर्नुभयो । साथै, बीमाबारे सही र सकारात्मक बुझाइको विकास भएमा समाजमा बीमाप्रतिको विश्वास अभिवृद्धि हुनुका साथै बीमा क्षेत्रको भविष्यसमेत थप सुदृढ हुने धारणा व्यक्त गर्नुभयो । अन्त्यमा सहभागी सम्पूर्णमा धन्यवाद ज्ञापन गर्दै उहाँले कार्यक्रमको समापन गर्नुभयो ।

# महिला समूहसँग अन्तर्क्रिया तथा छलफल कार्यक्रम




नेपाल बीमा प्राधिकरण मधेस प्रदेश कार्यालयको आ.व ०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार महिला समूहसँग अन्तर्क्रिया तथा छलफल कार्यक्रम मिति २०८३ भदौ १७ गते गण्डक, वीरगन्जस्थित ज्षबि ध्वितभच एबचप बलम र्खबिनभ ज्यतभा िषष्तभम (ऋबिचपक च्भकयचत) मा सम्पन्न भयो । नेपाल बीमा प्राधिकरण मधेस प्रदेश कार्यालयका कार्यालय प्रमुख आर्या रावलको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रमको प्रमुख अतिथि श्री सल्मा खातुन रहनुभएको थियो ।

मधेस प्रदेशका महिलाहरूको समूहसँग नेपाल बीमा प्राधिकरण मधेस प्रदेश कार्यालयका कार्यालय प्रमुखआर्या रावल, सहायक निर्देशक महेश मण्डल, सहायक निर्देशकसुस्मा थापा र सहायक प्रथम निकेश लाल कर्णको उपस्थितिमा उक्त बीमा सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा महिला समूह र नेपाल बीमा प्राधिकरणका कर्मचारी गरी ४३ जनाको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन सहायक प्रथम निकेश लाल कर्णले गर्नुभएको थियो । कार्यक्रममा बीमा विषयको प्रस्तुतिमा बीमा सम्बन्धी जानकारीमूलक भिडियोहरूमा बीमाका प्रकार, महत्त्वलगायत अभिकर्तासम्बन्धी र जोखिमका प्रकारका साथै नेपालमा विगतदेखिका महाविपत्ति र जोखिम विषयलाई जोडेर बनाइएको थियो । साथै कार्यपत्रमार्फत बीमाका विविध विषय समावेश गरी सहायक निर्देशक सुस्मा थापाले प्रस्तुति दिनुभएको थियो भने अन्य व्यवस्थापनसम्बन्धी कार्य सहायक निर्देशक महेश मण्डलले गर्नुभयो ।

कार्यक्रमकी प्रमुख अतिथि खातुनले बीमासम्बन्धी कार्यक्रमका लागि आयोजक संस्थालाई धन्यवाद दिँदै बीमा प्राधिकरणले बीमा सचेतना र दाबी समस्यालाई अझ बढी ध्यान दिन सुझाउनुभयो । कार्यक्रममा प्रमुख अतिथिलाई मायाको चिनो प्रदान गरिएको थियो । त्यसैगरी, प्राधिकरणका कार्यालय प्रमुखले महिला सशक्तीकरणका लागि बीमा महत्त्वपूर्ण रहेको र राम्रोसँग बुझेर मात्र बीमा गर्न सुझाव दिँदै कार्यक्रम समापन गर्नुभयो ।

# स्थानीय तहसँग बीमा प्रवर्द्बनात्मक अन्तर्क्रिया तथा छलफल



मधेस प्रदेशको ठोरी गाँउपालिका, पर्सामा विभिन्न सरोकारवालाहरूसँग बीमासम्बन्धी सचेतनामूलक अन्तर्क्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ ।

ठोरी गाउँपालिकाको सभाहलमा २०८३ साल भदौ २५ गते आयोजित कार्यक्रममा नेपाल बीमा प्राधिकरण केन्द्रीय कार्यालयका निर्देशक श्री निर्मल अधिकारीले आकस्मिक रूपमा आइपर्ने जोखिममा बीमाले आर्थिक सुरक्षा प्रदान गर्ने भएकाले आम सर्वसाधारणमाझ बीमासम्बन्धी सचेतना अभिवृद्धि गर्न आवश्यक रहेको बताउनुभयो ।

साथै, उहाँले नेपाल सरकारले विशेषगरी कृषि बीमामा ८० प्रतिशतसम्म अनुदान उपलब्ध गराउँदै आएको विषयमा आम कृषक तथा सर्वसाधारणलाई जानकारी गराउनुपर्नेमा जोड दिँदै सो सम्बन्धी सूचना तथा जनचेतना प्रवाहमा गाउँपालिकाको आवश्यक सहयोग र समन्वय आवश्यकता रहेको औँल्याउनुभयो ।

त्यसैगरी, उहाँले स्थानीय तहबाट बीमा सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याउन, वन्यजन्तुबाट हुने जोखिमलाई समेट्ने बीमा कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाउन तथा पालिकाभित्रका घर तथा सम्पत्तिको बीमा गर्ने सम्बन्धमा आवश्यक नीति निर्माण गर्न सुझाव दिनुभयो । वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको बीमा हुने गरेको सन्दर्भमा स्थानीय तहका जनप्रतिनिधिहरूले समेत सो सम्बन्धमा आवश्यक जानकारी राखी बीमासम्बन्धी सेवा तथा दाबी प्रक्रियामा सहजीकरण गर्नुपर्ने धारणा पनि उहाँले व्यक्त गर्नुभयो ।

बीमा सम्बन्धमा थप सहयोग, समन्वय वा जानकारी आवश्यक परेमा नेपाल बीमा प्राधिकरणको प्रादेशिक कार्यालयबाट आवश्यक सहजीकरण तथा समन्वय गरिने जानकारीसमेत उहाँले दिनुभयो । साथै, बीमाको पहुँच विस्तार गर्दै सबैलाई आर्थिक रूपमा सबल बनाउन बीमा महत्त्वपूर्ण औजार भएको उल्लेख गर्दै सबैको उत्साहजनक उपस्थितिका लागि धन्यवाद दिँदै कार्यक्रमको विधिवत् समापन गर्नुभयो । उक्त कार्यक्रममा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षहरू, महिला वर्ग, पत्रकार, कृषकहरू, व्यवसायी, बीमा अभिकर्ता, बीमित, स्थानीय तहका कर्मचारी तथा बीमा कम्पनीका प्रतिनिधिहरू, बीमा प्राधिकरण मधेस प्रदेश कार्यालयका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमको सञ्चालन प्रदेश कार्यालयका सहायक निर्देशक महेश मण्डलले गर्नुभएको थियो भने मधेस प्रदेशका कार्यालय प्रमुख आर्या रावल र उपनिर्देशक विनोदकुमार पोखरेलले प्रस्तुतीकरण दिनुभएको थियो । कार्यक्रममा आएका प्रश्न तथा जिज्ञासाको जवाफ नेपाल बीमा प्राधिकरण, केन्द्रीय कार्यालयका निर्देशक श्री निर्मल अधिकारीले दिनुभएको थियो । कार्यक्रममा सभाध्यक्ष अधिकारीबाट भगवानपुर गाउँपालिकाका अध्यक्ष श्री लालबहादुर श्रेष्ठलाई मायाको चिनो साथै बीमा लेखरचनाहरू प्रदान गरिएको थियो ।



# बैङ्क, वित्तीय तथा सहकारी संस्थासँग अन्तर्क्रिया तथा छलफल

नेपाल बीमा प्राधिकरण मधेस प्रदेश कार्यालयको आ.व ०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बैङ्क, वित्तीय तथा सहकारी संस्थासँग अन्तर्क्रिया तथा छलफल र बीमा सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम मिति २०८३ साल भदौ २६ गते गण्डक, वीरगन्जस्थित Himal Water Park and Village Hotel Limited (Clarks Resort) मा सम्पन्न भएको छ ।

कार्यक्रममा बीमा विषयक प्रस्तुति कार्यालय प्रमुख आर्या रावल र Nepal Insurance Professional Society, Non–Life Birgunj का तर्फबाट शिखर इन्स्योरेन्स कम्पनीका शाखा प्रमुख नितेशकुमार दासले गर्नुभएको थियो । उक्त प्रस्तुतीकरणमा बीमाको महत्त्व, बीमा क्षेत्रका वर्तमान समस्या, बैङ्कसँग सम्बन्धित बीमालेखसम्बन्धी जानकारी, बैङ्क र बीमा क्षेत्रबीचको आपसी सम्बन्ध र अपरिहार्यता, सहकार्य र समन्वय आवश्यकतालगायतका विविध विषयवस्तु समावेश गरिएको थियो ।



मधेस प्रदेशका बैङ्क,वित्तीय तथा सहकारी संस्थाका प्रदेश प्रमुख,शाखा प्रमुख तथा प्रतिनिधि समूहसँग नेपाल बीमा प्राधिकरण केन्द्रीय कार्यालय बीमालेख महाशाखा प्रमुख श्री निर्मल अधिकारी, लघु बीमा शाखा प्रमुख विनोदकुमार पोखरेल एवं मधेस प्रदेश कार्यालयका कार्यालय प्रमुख आर्या रावल एवम् प्राधिकरणमा अन्य कर्मचारीहरू लगायत बैङ्क, वित्तीय तथा सहकारी संस्थाका प्रदेश प्रमुख, शाखा प्रमुख तथा प्रतिनिधि, बीमा कम्पनीका प्रदेश प्रमुख तथा प्रतिनिधि एव सञ्चारकर्मी र नेपाल बीमा प्राधिकरणका कर्मचारीहरूको सहभागिता थियो ।

कार्यक्रमको समग्र औपचारिक कार्यक्रम सञ्चालनसम्बन्धी कार्य सहायक निर्देशक सुस्मा थापाले गर्नुभएको थियो । कार्यक्रममा स्वागत मन्तव्य सहायक प्रथम निकेश लाल कर्ण र अन्य समग्र कार्यक्रम व्यवस्थापन सम्बन्धी कार्यहरू सहायक निर्देशक महेश मण्डलले गर्नुभएको थियो ।



### कार्यक्रमका सहभागीको प्रश्न, जिज्ञासा तथा सुझाव:

- बैङ्कबाट गरिने Project Financing को जोखिम रक्षावरणको बीमा हुन्छ ?
- यदि स्टकको मूल्यलाई आधार मानेर बीमा गरिएको छ भने, ऋण अवधिमा स्टकको मूल्य बढ्दा वा घट्दा बीमा रकम कसरी समायोजन गर्ने ? स्टक पर्याप्त रूपमा बीमित भइरहने सुनिश्चितता गर्ने जिम्मेवारी ऋणी, बैङ्क र बीमा कम्पनीमध्ये कसको हुन्छ ?
- व्यवसायिक ऋणमा बीमालेख जारी वा नवीकरण गर्नुअघि बीमा कम्पनीले स्टक र स्टक राख्ने स्थानको स्थलगत निरीक्षण गर्नुपर्ने हो कि होइन ? यदि गर्नुपर्ने हो भने, कति रकमको ऋण वा बीमित रकमदेखि यस्तो निरीक्षण अनिवार्य गर्ने भन्ने कुनै निश्चित मापदण्ड (Threshold) तोकिनुपर्छ कि पर्दैन ?
- बीमा गरिएको सम्पत्तिको बीमाङ्क (Sum Insured) निर्धारण गर्दा ऋणको रकमलाई आधार मान्दा बैङ्कको जोखिम न्यूनीकरण कसरी हुन्छ ? बीमाङ्क सम्पत्तिको वास्तविक मूल्यका आधारमा कायम गर्ने हो वा बैङ्कले प्रवाह गरेको ऋण रकमका आधारमा कायम गर्ने हो ?
- क्षति भएको अवस्थामा बैङ्कको ऋण जोखिम न्यूनीकरण तथा ऋणीको व्यवसायलाई शीघ्र पुनः सञ्चालनमा ल्याउन बीमा दाबी फछ्र्योट प्रक्रिया सरल, स्पष्ट र छिटो हुनुपर्ने ।
- बीमा प्राधिकरणले तोकेको Tariff Rate अनुसार एउटै सम्पत्तिको बीमा गर्दा पनि विभिन्न बीमा कम्पनीले फरक–फरक बीमाशुल्क किन प्रस्ताव गर्छन्?

कार्यक्रममा विशेष अतिथि Nepal Rastra का Deputy Director जगदीश कुमारले बीमा र बैङ्कबीचको सहकार्य र समन्वयलाई आगामी दिनमा अझै थप प्रभावकारी बनाउन आवश्यक रहेको बताउनुभयो ।

त्यसैगरी, कार्यक्रमका अतिथि Birgunj Group का Chair Person रोहिणी आचार्य र NIPS का Non Life Chair Person बद्रीबहादुर अधिकारीले बीमा क्षेत्रमा रहेको दाबी समस्या अझै सेवाग्राहीमैत्री हुनुपर्ने र बीमा क्षेत्र तथा बैङ्कबीच रहेका अन्योल घटाउँदै राज्यको अर्थतन्त्रमा यस क्षेत्रका योगदानलाई अझै प्रभावकारी बनाउन पर्ने मन्तव्य राख्नुभयो ।

कार्यक्रमका सभाध्यक्ष एव बीमालेख महाशाखा प्रमुखनिर्मल अधिकारीले उठेका जिज्ञासा, प्रश्न तथा सुझावको सम्बोधनका साथै बीमा निकै आवश्यकीय विषय रहेको र वर्तमान दाबी समस्यालाई प्राथमिकतामा राखेको बताउनुभयो । साथै उहाँले आगामी दिनमा वित्तीय प्रणालीका मुख्य मेरूदण्ड रहेको बैङ्क तथा वित्तीय संस्था र बीमाबीचको सहकार्य, समन्वय र सद्भावलाई अझै थप प्रभावकारी रूपमा अगाडी बढाउनुपर्ने कुरामा जोड दिनुभयो ।

कार्यक्रममा उपस्थित विशेष अतिथि,अतिथिहरूलाई प्राधिकरणका तर्फबाट निर्देशक अधिकारीले मायाको चिनो प्रदान गर्नुभएको थियो ।

# गण्डकी प्रदेश कार्यालय

## बीमासम्बन्धी छलफल तथा अन्तर्क्रिया र स्थलगत निरीक्षण




नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजनामा बीमा सम्बन्धी जनचेतना अभिवृद्धि तथा बीमा व्यवसायको प्रभावकारी नियमन र सहजीकरणका लागि यस अवधिमा ४ वटा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएका छन् ।

प्राधिकरणले २०८३ साल साउन १६ गते  गते स्याङ्जाको कालीगण्डकीस्थित श्री जनता माध्यमिक विद्यालयमा विद्यार्थी तथा शिक्षकसँग बीमासम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरेको थियो । कार्यक्रममा विद्यार्थी तथा शिक्षकलाई बीमाको आवश्यकता, महत्त्व, बीमाका प्रकार तथा बीमा सेवाको उपयोग सम्बन्धमा जानकारी प्रदान गरिएको थियो ।

त्यसैगरी, २०८३ साल साउन २० गते निर्जीवन बीमा कम्पनीका प्रदेश कार्यालयका प्रमुखहरूसँग छलफल तथा अन्तर्क्रिया गरिएको थियो । कार्यक्रममा निर्जीवन बीमा व्यवसायको अवस्था, सेवा प्रवाह, बीमितका समस्या तथा बीमा पहुँच विस्तारलगायतका विषयमा छलफल भएको थियो । यसै क्रममा २०८३ साल  भदौ ०८ गते तनहुँ जिल्लाको दमौली तथा आसपासका क्षेत्रमा रहेका बीमा कम्पनीका शाखा प्रमुख तथा प्रतिनिधिहरूसँग छलफल तथा अन्तर्क्रिया गरिएको थियो । कार्यक्रममा बीमा सेवा प्रवाह, बीमितलाई प्रदान गरिने सेवा, बीमासम्बन्धी जनगुनासो तथा बीमाको पहुँच विस्तारका विषयमा छलफल भएको थियो ।

सोही दिन तनहुँस्थित श्री सत्यवती माध्यमिक विद्यालयमा विद्यार्थी तथा शिक्षकसँग पनि बीमासम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा विद्यार्थी तथा शिक्षकलाई बीमाको आधारभूत अवधारणा, बीमाको महत्त्व र जोखिम व्यवस्थापनमा बीमाको भूमिकाबारे जानकारी दिइएको थियो ।

**स्थलगत निरीक्षण**

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयबाट बीमा कम्पनीहरूको नियामकीय अनुगमन तथा निरीक्षणका क्रममा विभिन्न बीमा कम्पनीमा स्थलगत निरीक्षणसमेत गरिएको छ ।

यस अन्तर्गत नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडमा २०८२ साल भदौ १५ देखि १७ गतेसम्म स्थलगत निरीक्षण गरिएको थियो । त्यसैगरी,नेको इन्स्योरेन्स कम्पनी लिमिटेडमा २०८२ साल भदौ ३० देखि असोज १ गतेसम्म स्थलगत निरीक्षण गरिएको थियो ।

छलफल तथा अन्तर्क्रिया कार्यक्रम र स्थलगत निरीक्षणमार्फत बीमासम्बन्धी जनचेतना अभिवृद्धि, बीमा सेवाको गुणस्तर सुधार, बीमितको हित संरक्षण तथा बीमा व्यवसायलाई थप व्यवस्थित र प्रभावकारी बनाउने कार्यमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।



# लुम्बिनी प्रदेश कार्यालय

## शिक्षक तथा विद्यार्थीसँग बीमा प्रबर्द्धनात्मक छलफल तथा अन्तर्क्रिया




नेपाल बीमा प्राधिकरणको स्वीकृत वार्षिक कार्यक्रमअनुसार महेन्द्र माध्यमिक विद्यालय, प्रतापपुर, नवलपरासीमा २०८३ भदौ १८ गते शिक्षक तथा विद्यार्थीसँग बीमा प्रवर्द्धनात्मक छलफल तथा अन्तत्रिया कार्यक्रम सम्पन्न भएको छ । प्राधिकरण लुम्बिनी प्रदेश कार्यालयको समन्वयमा आयोजित कार्यक्रममा कार्यालय प्रमुख जमुना अर्याल आचार्यसहित कर्मचारीहरू, विद्यालयका प्राचार्य, शिक्षक तथा विद्यार्थीहरूको सहभागिता थियो । कार्यक्रमको मुख्य उद्देश्य विद्यार्थीमा बीमाको महत्त्व, बीमा शिक्षा, आर्थिक जोखिम न्यूनीकरण, बीमा क्षेत्रका अवसर तथा वित्तीय प्रणालीमा बीमाको भूमिकाबारे जानकारी गराउनु रहेको थियो ।

कार्यक्रममा सहायक निर्देशक छविलाल लामिछानेले बीमा तथा यसको महत्त्व, बीमाका सिद्धान्त, नेपालमा बीमा बजारको अवस्था, विपद् व्यवस्थापनमा बीमाको भूमिका, बीमा दाबी भुक्तानी, बीमा गर्दा ध्यान दिनुपर्ने विषय, नेपाल बीमा प्राधिकरणको भूमिका तथा विभिन्न जीवन र निर्जीवन बीमालेख सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो । साथै, घर तथा सम्पत्ति, दुर्घटना, कृषि, पशुपन्छी तथा जडीबुटी बीमालगायतका विषयमा जानकारी दिइएको थियो । प्रस्तुतीकरणपछि विद्यार्थीको सिकाइ परीक्षणका लागि हाजिरीजवाफसमेत सञ्चालन गरी विजेता दुई छात्रालाई प्राधिकरणका तर्फबाट डायरी प्रदान गरिएको थियो ।

अन्तर्क्रियाका क्रममा सहभागी शिक्षक तथा विद्यार्थीहरूले विपदबाट हुने क्षति न्यूनीकरण तथा आर्थिक दायित्व हस्तान्तरणमा बीमाको महत्त्व रहेको धारणा व्यक्त गरेका थिए । विद्यालयका प्राचार्यले विद्यालयमा हुने दुर्घटनाबाट हुन सक्ने आर्थिक क्षति न्यूनीकरणका लागि शिक्षक तथा विद्यार्थीको दुर्घटना बीमा गर्ने विषयमा सोचिरहेको जानकारी दिनुभएको थियो ।

कार्यक्रममा कार्यालय प्रमुख जमुना अर्याल आचार्यले विद्यार्थीले कक्षामा सिकेका बीमासम्बन्धी विषय घरपरिवारमा समेत जानकारी गराउन आग्रह गर्दै बीमा दाबी वा अन्य समस्या परेमा प्राधिकरणमा सम्पर्क तथा उजुरी गर्न सकिने बताउनुभयो । साथै, प्राधिकरणले आयोजना गर्ने बीमा सम्बन्धी निबन्ध तथा हाजिरीजवाफ प्रतियोगितामा सहभागी हुन विद्यालय परिवारलाई आग्रह गर्दै आगामी दिनमा समेत सहकार्य र छलफललाई निरन्तरता दिने जानकारी दिनुभयो ।

# कर्णाली प्रदेश कार्यालय

## बीमकको प्रदेश कार्यालय तथा शाखा कार्यालय प्रमुखहरूसँग छलफल तथा अन्तर्क्रिया




नेपाल बीमा प्राधिकरण कर्णाली प्रदेश कार्यालयको आयोजनामा बीमकका प्रदेश कार्यालय तथा शाखा कार्यालय प्रमुखहरूसँग बीमासम्बन्धी समसामयिक विषयमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम मिति २०८३ भदौ २ गते सम्पन्न भएको छ । कार्यक्रमको सभाध्यक्षता नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख केदारनाथ भट्टले गर्नुभएको थियो भने नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका निवर्तमान कार्यालय प्रमुख निलप्रसाद लामिछानेको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

बीमकका प्रदेश तथा शाखा प्रमुखहरू सहभागिता रहेको उक्त कार्यक्रममा नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक विपना पन्थीले कर्णाली प्रदेशमा बीमाको अवस्थालाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक निलप्रसाद लामिछानेले बीमालाई विपत्तिको सारथि बनाउन बीमासम्बन्धी प्रचारात्मक कार्यक्रमहरूलाई अझ धेरै सञ्चालन गर्नुपर्ने बताउनुभयो । उहाँले बीमकहरूलाई कम्तीमा एकपटक जिल्लामा पुग्न आग्रह गर्दै आगामी दिनमा प्राधिकरणले कम्पनीहरूको त्वबखभ िच्मअयचम राख्ने जानकारी दिनुभयो ।

यसैगरी, नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालय प्रमुख केदारनाथ भट्टले बीमकका कर्णाली प्रदेश तथा शाखा प्रमुखहरूसँगको अन्तर्क्रियाका क्रममा बीमा क्षेत्रको विकास, सुशासन र बीमितको हितलाई प्राथमिकतामा राखेर काम गर्नुपर्नेमा जोड दिनुभयो ।

भट्टले प्रदेश प्रमुखहरूको अनुभवलाई बीमा क्षेत्रको विकासमा उपयोग गर्दै प्राधिकरण र बीमकबीच आवश्यक सल्लाह, सुझाव, सहयोग र समन्वय हुनुपर्ने बताउनुभयो । उहाँले




बीमकहरूले आफ्नो दायित्व पहिचान गरी कार्यसम्पादनलाई थप सुशासित र बीमितमैत्री बनाउनुपर्ने बताउँदै पोलिसी विविधीकरणमा जोड दिन तथा ाबउकभ र क्ाचचभलमभच घटाउन आवश्यक पहल गर्न आग्रह गर्नुभयो ।



# उद्योग वाणिज्य सङ्घ, सल्यानसँग बीमासम्बन्धी छलफल तथा अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा सल्यान उद्योग वाणिज्य सङ्घ तथा उद्योगी व्यवसायीहरूसँग बीमासम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम मिति २०८३ भदौ ८ गते होटेल युनाइटेड, श्रीनगर सल्यानमा सम्पन्न भएको छ ।




उक्त कार्यक्रमको अध्यक्षता नेपाल बीमा प्राधिकरण कर्णाली प्रदेश कार्यालयका कार्यालय प्रमुख एवं उप-निर्देशक केदारनाथ भट्टले गर्नुभएको थियो भने सल्यान उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष श्री राजेन्द्रकुमार थापाको प्रमुख आतिथ्यता रहेको थियो । उक्त कार्यक्रममा उद्योग वाणिज्य सङ्घका कार्यसमितिका सदस्यहरू, बीमकका शाखा/उपशाखा कार्यालय प्रमुखहरू, स्थानीय व्यवसायीहरू, अगुवा कृषकलगायत अन्य सरोकारवालाहरूसमेतको सहभागिता रहेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि थापाले बीमासम्बन्धी जानकारीमूलक कार्यक्रम आजको समयको अपरिहार्य तथा अत्यन्त महत्त्वपूर्ण भएको बताउनुभयो । यस्तो कार्यक्रम आयोजना गरेकामा प्राधिकरणलाई धन्यवाद दिँदै उहाँले यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिँदै जानुपर्ने औँल्याउनुभयो ।

यस्तै, कार्यक्रमका अतिथि तथा सल्यान उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष राजेन्द्र भण्डारीले बीमाका शर्तहरू, सुविधा, दायित्व तथा सम्भावित जोखिमहरूको बारेमा बीमितलाई शुरूदेखि नै राम्रोसँग जानकारी गराउन आवश्यक रहेको भन्दै सम्पूर्ण उद्योगी तथा व्यवसायीहरूलाई बीमा गरी आर्थिक रूपमा सुरक्षित हुन आग्रह गर्नुभयो ।

अन्तर्क्रिया तथा छलफल कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उप-निर्देशक तथा कर्णाली प्रदेश कार्यालयका कार्यालय प्रमुख केदारनाथ भट्टले कर्णालीका सम्पूर्ण नागरिकलाई बीमाको दायराभित्र ल्याई आर्थिक रूपमा सुरक्षित बनाउने उद्देश्यसहित बीमा प्राधिकरणले विभिन्न बीमा सचेतना कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको बताउनुभयो । साथै, बीमा गर्दा व्यवसाय तथा बीमालेखको पूर्ण जानकारी प्रदान गर्न बीमकहरूलाई निर्देशन दिनुभयो ।

उहाँले बीमाको परिचय र महत्त्व, बीमा सम्बन्धी कानूनी व्यवस्था, बीमा कम्पनीको प्रकार, बीमा मध्यस्थकर्ता र बीमाको विकास आदि विषय समेटेर तयार गरिएको सङ्क्षिप्त कार्यपत्रसमेत प्रस्तुत गर्नुभएको थियो ।



# बीमकका शाखा/उपशाखा प्रमुख तथा कर्मचारीहरूसँग छलफल तथा अन्तर्क्रिया



नेपाल बीमा प्राधिकरण कर्णाली प्रदेश कार्यालयको आयोजनामा सल्यान जिल्लामा रहेका बीमकका शाखा/उपशाखा कार्यालय प्रमुख तथा कर्मचारीहरूसँग बीमासम्बन्धी समसामयिक विषयमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

२०८३ साल भदौ ८ गते सम्पन्न कार्यक्रमको सभाअध्यक्षता नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख केदारनाथ भट्टले गर्नुभएको थियो भने उक्त कार्यक्रममा सल्यान जिल्लामा रहेका बीमकका शाखा/उप शाखा प्रमुख तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।

छलफल तथा अन्तर्क्रिया कार्यक्रममा बीमकका शाखा तथा उपशाखा कार्यालय प्रमुखहरूले कर्णाली प्रदेशमा बीमा व्यवसायको वर्तमान अवस्था तथा दाबी भुक्तानीको स्थितिबारे जानकारी गराउनुभएको थियो । साथै, कर्मचारी व्यवस्थापन तथा कर्मचारी सन्तुष्टिमा पर्याप्त ध्यान दिनुपर्ने, एक किस्तामात्र रकम भुक्तानी गरेका बीमितलाई समेत आवश्यक प्रक्रिया अनुसार रकम फिर्ता हुने व्यवस्था गर्नुपर्ने, अभिकर्ता परीक्षा प्रक्रियालाई सहज र सरल बनाउनुपर्ने तथा कर्मचारी अभावका कारण प्रभावकारी सेवा प्रवाहमा देखिएका चुनौतीहरू सम्बोधन गर्नुपर्ने लगायतका सुझाव दिनुभयो ।

त्यस्तै कार्यक्रममा उठेका प्रश्न तथा जिज्ञासाहरूको सम्बोधन गर्दै नेपाल बीमा प्राधिकरण कर्णाली प्रदेश कार्यालयका प्रमुख केदारनाथ भट्टले बीमकका कार्यालयहरूमा नागरिक वडापत्रको व्यवस्था गर्न निर्देशन दिँदै खर्चको व्यवस्थित हिसाबकिताब राख्न सुझाव दिनुभयो ।

भट्टले बीमा क्षेत्रलाई सम्पत्ति शुद्धीकरणको औजार बन्न नदिन बीमकहरूले प्रभावकारी रूपमा कार्य गर्नुपर्नेमा स्पष्ट पार्नुभयो । साथै, सम्पूर्ण बीमकहरूले कर्णाली प्रदेशमा बीमासम्बन्धी गतिविधिहरू सञ्चालन गर्नुपर्ने र आवश्यक परे प्राधिकरणले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । अन्त्यमा, उहाँले सबै बीमा कम्पनीहरूलाई नीति, नियम तथा निर्देशनको पालना गर्दै स्वस्थ र अनुशासित ढङ्गबाट व्यवसाय सञ्चालन गर्न निर्देशन दिनुभएको थियो ।

# बीमा मध्यस्थकर्ताहरूसँग बीमासम्बन्धी छलफल तथा अन्तर्क्रिया



नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा सल्यान जिल्लास्थित जीवन तथा लघु जीवन बीमा अभिकर्ताहरूसँग बीमासम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम सल्यानको श्रीनगरमा सम्पन्न भएको छ ।

मिति २०८३ साल भदौ ९ गते आयोजित कार्यक्रम प्राधिकरण, कर्णाली प्रदेश कार्यालय प्रमुख केदारनाथ भट्टको अध्यक्षतामा सम्पन्न भएको हो ।

उक्त कार्यक्रममा नेपालको वित्तीय प्रणाली, बीमाको परिचय तथा महत्त्व, बीमासम्बन्धी कानूनी व्यवस्था, बीमाको पहुँच विस्तार, विकास र स्वस्थ प्रतिस्पर्धात्मक बीमा बजार निर्माणमा मध्यस्थकर्ताको भूमिका, कर्णाली प्रदेशमा व्यतीत तथा समर्पण बीमाको अवस्था र यसलाई न्यूनिकरण गर्न अभिकर्ताको जिम्मेवारीलगायत बीमाको मूल मर्म जोखिम व्यवस्थापन रहेको र आर्थिक क्षमता अनुसार बीमा गर्नुपर्ने विषयमा नेपाल बीमा प्राधिकरणका सहायक प्रथम अविन बोमरेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

त्यस्तै कार्यक्रममा सहभागी अभिकर्ताहरूले दाबी भुक्तानीका लागि बीमित स्वयं उपस्थित भएको अवस्थामा दाबी भुक्तानी हुने अवस्था, एयष्छिअथ च्मखष्खबि सम्बन्धी पक्षहरू, दुर्घटनाबाट मृत्यु भएको अवस्थामा दाबी भुक्तानीका लागि आवश्यक कागजात, अभिकर्ताले प्राप्त गर्नुपर्ने कमिसन कम प्राप्त भएको विषय तथा नेपालमा बीमा गरेका व्यक्तिको विदेशमा मृत्यु भएमा बीमा दाबी भुक्तानी हुने अवस्था लगायतका विषयहरूमा प्रश्न तथा जिज्ञासाहरू राख्नुभएको थियो ।

सहभागीहरूले उठाएका प्रश्न तथा जिज्ञासाको सम्बोधन गर्दै प्राधिकरणका कर्णाली प्रदेश कार्यालय प्रमुख भट्टले बीमाको पहुँच विस्तारका लागि बीमा कम्पनीहरू शहरी क्षेत्रमा मात्र सीमित नभई ग्रामीण क्षेत्रसम्म पुग्नुपर्ने तथा बीमालाई आर्थिक जोखिम न्यूनिकरणको प्रभावकारी माध्यमका रूपमा प्रचार-प्रसार गर्नुपर्नेमा जोड दिनुभयो ।

# विद्यार्थीसँग बीमासम्बन्धी छलफल तथा अन्तर्क्रिया




नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा शिवजन माध्यामिक विद्यालय, शारदा नगरपालिका शीतलपाटी, सल्यानका विद्यार्थीहरूसँग बीमासम्बन्धी छलफल तथा अन्तर्क्रिया सम्पन्न भएको छ । मिति २०८३ भदौ १० गते नेपाल बीमा प्राधिकरणका उपनिर्देशक तथा कर्णाली प्रदेश कार्यालय प्रमुख केदारनाथ भट्टको अध्यक्षतामा आयोजित कार्यक्रममा शिवजन माध्यामिक विद्यालयमा कक्षा ११ का विद्यार्थी तथा शिक्षकहरूको सहभागिता थियो ।

कार्यक्रममा जोखिम तथा जोखिम व्यवस्थापन, नेपालको वित्तीय प्रणाली, बीमाको परिचय, प्रकार, महत्त्व र सिद्धान्तहरू, नेपाल बीमा प्राधिकरणको परिचय, काम, कर्तव्य तथा अधिकार, कार्यक्षेत्र, बीमा सम्बन्धी कानूनी व्यवस्था, बीमा मध्यस्थकर्ता, बीमासम्बन्धी तथ्याङ्क, विभिन्न बीमालेखहरूको सङ्क्षिप्त जानकारी, बीमा गर्दा ध्यान दिनुपर्ने कुराहरू, बीमा दाबी प्रक्रिया, दाबी नलाग्ने अवस्था, बीमा दाबीमा उजुरी गुनासोको कानूनी व्यवस्था, बीमा दर, वित्तीय साक्षरता, बीमा साक्षरतालगायतका विषयहरूमा प्राधिकरणका उप-निर्देशक तथा कर्णाली प्रदेश कार्यालयका कार्यालय प्रमुख केदारनाथ भट्टले प्रस्तुतीकरण दिनुभएको थियो ।

त्यस्तै, कार्यक्रममा सहभागी शिक्षक तथा विद्यार्थीहरूले घर बीमा, दुर्घटना बीमा तथा स्वास्थ्य बीमाको आवश्यकता, महत्त्व र अपरिहार्यताबारे विभिन्न जिज्ञासाहरू राख्नुभएको थियो । साथै, बीमाले व्यक्ति, परिवार तथा सम्पत्तिलाई आकस्मिक जोखिमबाट कसरी आर्थिक सुरक्षा प्रदान गर्छन् भन्ने विषयमा विशेष चासो राख्नुभएको थियो । कार्यक्रममा उठेका जिज्ञासाहरूको सम्बोधन नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालय भट्टले गर्नुभएको थियो ।

# महिला समूहसँग बीमा सम्बन्धी छलफल तथा अन्तर्क्रिया



नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा राधाकृष्ण स्वास्थ्य आमा समूहसँग बीमासम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम वीरेन्द्रनगर नगरपालिका, सुर्खेतमा सम्पन्न भएको छ ।

मिति २०८३ साल भदौ २४ गते आयोजित कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयकी सहायक निर्देशक सुष्मा पौडेलले बीमाको परिचय र महत्त्व, बीमाका प्रकारहरू, बीमा मध्यस्थकर्ता, कृषि बीमा, घर बीमा, बीमा गर्दा ध्यान दिनुपर्ने कुराहरू लगायतका विषयहरू समेटिएको सङ्क्षिप्त कार्यपत्र समेत प्रस्तुत गर्नुभएको थियो भने सहभागीहरूले कार्यक्रममार्फत आफूले बीमाबारे थप कुरा जान्ने अवसर दिएकामा प्राधिकरणलाई धन्यवाद दिँदै समुदायमा आइपर्ने विपद् तथा जोखिम व्यवस्थापनमा बीमा निकै महत्त्वपूर्ण रहेको बताउनुभएको थियो ।

छलफल तथा अन्तर्क्रिया कार्यक्रममा उठेका प्रश्न तथा जिज्ञासाहरूको सम्बोधन गर्दै नेपाल बीमा प्राधिकरण कर्णाली प्रदेश कार्यालय प्रमुख केदारनाथ भट्टले सम्पत्तिमा धेरै स्वामित्व महिलाको रहेकाले महिलालाई बीमासम्बन्धी सचेतना प्रदान गरेमा बढी प्रभावकारी हुने विश्वाससहित कार्यक्रम गरेको बताउनुभयो । साथै, उहाँले उपस्थित सम्पूर्ण सदस्यहरू धन्यवाद दिँदै स्थानीय स्तरमा बीमासम्बन्धी सचेतना अभिवृद्धिका लागि महिला समूहको भूमिका निकै महत्त्वपूर्ण भएको औँल्याउनुभयो । नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालय प्रमुख भट्टको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा समूहका सदस्यहरूको सहभागिता रहेको थियो ।

# विद्यार्थीसँग बीमासम्बन्धी छलफल तथा अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण कर्णाली प्रदेश कार्यालयको आयोजनामा चन्दननाथ उच्च माध्यामिक विद्यालयका शिक्षक तथा विद्यार्थीहरूसँग बीमासम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

मिति २०८३ साल भदौ ३१ गते विद्यालयको सभाहल चन्दननाथ-४ खलङ्गा बजार, जुम्लामा आयोजित कार्यक्रम नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालय प्रमुख केदारनाथ भट्टको अध्यक्षतामा सम्पन्न भएको हो । उक्त कार्यक्रममा चन्दननाथ उच्च माध्यामिक विद्यालयका विद्यार्थी तथा शिक्षकहरूको सहभागिता थियो ।

कार्यक्रममा जोखिम तथा जोखिम व्यवस्थापन, नेपालको वित्तीय प्रणाली, बीमाको परिचय, प्रकार, महत्त्व र सिद्धान्तहरू, नेपाल बीमा प्राधिकरणको परिचय, काम, कर्तव्य तथा अधिकार, कार्यक्षेत्र, बीमासम्बन्धी कानूनी व्यवस्था, बीमा मध्यस्थकर्ता, बीमासम्बन्धी तथ्याङ्क, विभिन्न बीमालेखहरूको सङ्क्षिप्त जानकारी, बीमा गर्दा ध्यान दिनुपर्ने कुराहरू, बीमा दाबी प्रक्रिया, दाबी नलाग्ने अवस्था, बीमा दाबीमा उजुरी गुनासोको कानूनी व्यवस्था, केही बीमा दर, वित्तीय साक्षरता, बीमा साक्षरतालगायतका




विषयहरूमा प्राधिकरणका उप-निर्देशक तथा कर्णाली प्रदेश कार्यालय प्रमुख भट्टले प्रस्तुतीकरण दिनुभएको थियो । कार्यक्रममा सहभागी शिक्षक तथा विद्यार्थीहरूले घर बीमा, दुर्घटना बीमा तथा स्वास्थ्य बीमाको आवश्यकता, महत्त्व र अपरिहार्यताबारे विभिन्न जिज्ञासाहरू राख्दै यस्ता बीमाले व्यक्ति, परिवार तथा सम्पत्तिलाई आकस्मिक जोखिमबाट कसरी आर्थिक सुरक्षा प्रदान गर्छन् भन्ने विषयमा विशेष चासो राख्नुभएको थियो । यसका साथै, बीमामा आबद्ध हुने प्रक्रिया, आवश्यक कागजात, बीमा योजना छनोट गर्ने आधार तथा दाबी प्रक्रियासम्बन्धी विभिन्न प्रश्नहरू पनि राख्नुभएको थियो ।

# विद्यार्थीसँग बीमा सम्बन्धी छलफल तथा अन्तर्क्रिया



नेपाल बीमा प्राधिकरण कर्णाली प्रदेश कार्यालयको आयोजनामा जुम्लाको जनता माध्यामिक विद्यालयका शिक्षक तथा विद्यार्थीहरूसँग बीमासम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम विद्यालयको सभाहल, चन्दननाथ-७, महत गाउँ, जुम्लामा सम्पन्न भएको छ ।

मिति २०८३ भदौ ३१ गते आयोजित उक्त कार्यक्रमको अध्यक्षता नेपाल बीमा प्राधिकरण कर्णाली प्रदेश कार्यालय प्रमुख एवं उप-निर्देशक केदारनाथ भट्टले गर्नुभएको थियो भने जनता माध्यामिक विद्यालयका प्रधानाध्यापक श्री जितेन्द्रकुमार महतको आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा जनता माध्यामिक विद्यालयका विद्यार्थी तथा शिक्षकहरूको सहभागिता थियो ।

कार्यक्रममा जोखिम तथा जोखिम व्यवस्थापन, नेपालको वित्तीय प्रणाली, बीमाको परिचय, प्रकार, महत्त्व र सिद्धान्तहरू, नेपाल बीमा प्राधिकरणको परिचय, काम, कर्तव्य तथा अधिकार, कार्यक्षेत्र, बीमा सम्बन्धी कानूनी व्यवस्था, बीमा मध्यस्थकर्ता, बीमा सम्बन्धी तथ्याङ्क, विभिन्न बीमालेखहरूको सङ्क्षिप्त जानकारी, बीमा गर्दा ध्यान दिनुपर्ने कुराहरू, बीमा दाबी प्रक्रिया, दाबी नलाग्ने अवस्था, बीमा दाबीमा उजुरी गुनासोको कानूनी व्यवस्था, केही बीमा दर, वित्तीय साक्षरता, बीमा साक्षरता लगायतका विषयहरूमा उपनिर्देशक भट्टले प्रस्तुतीकरण दिनुभएको थियो ।

कार्यक्रममा जनता माध्यामिक विद्यालयका प्रधानाध्यापक जितेन्द्रकुमार महतले बीमासम्बन्धी कार्यक्रम आयोजना गरेकामा प्राधिकरणलाई धन्यवाद दिँदै यस किसिमका सचेतनामूलक कार्यक्रमले विद्यार्थी, अभिभावक तथा शिक्षकहरूमा बीमाप्रतिको सकारात्मक सोच र सचेतना अभिवृद्धि हुने विश्वाससमेत व्यक्त गर्नुभयो । कार्यक्रममा सहभागी भएका शिक्षक तथा विद्यार्थीहरूले घर बीमा, दुर्घटना बीमा तथा स्वास्थ्य बीमाको आवश्यकता, महत्त्व र वर्तमान सन्दर्भमा यसको आवश्यकतासम्बन्धी विविध जिज्ञासाहरू राख्नुभएको थियो ।



अन्तर्क्रियामा प्राधिकरणका कर्णाली प्रदेश कार्यालय प्रमुख भट्टले छलफलमा उठेका विषयहरूलाई सम्बोधन गर्दै बीमा गर्दा अपनाउनुपर्ने प्रक्रिया, आवश्यक कागजातहरू, विभिन्न प्रकारका बीमा योजनामध्ये आफ्नो आवश्यकता र आर्थिक अवस्थाअनुसार उपयुक्त योजना छनोट गर्ने आधार, बीमा शुल्क निर्धारण हुने मापदण्ड तथा बीमा दाबी गर्ने प्रक्रिया सम्बन्धी थप जानकारी समेत दिनुभयो ।

# सुदूरपश्चिम प्रदेश कार्यालय

## बीमकका प्रदेश/शाखा कार्यालय प्रमुखसँग अन्तर्क्रिया तथा छलफल

समग्र बीमा क्षेत्रको विकास, विस्तार नियमन, निरीक्षण एवं प्रवर्द्धन गर्ने मुख्य उद्देश्यसहित स्थापना भएको नेपालको बीमा नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणले आफ्नो उद्देश्य प्राप्तिका लागि स्थापनाकालदेखि नै बीमा ऐनमा निर्दिष्ट विभिन्न कार्यहरू सम्पादन गर्दै आइरहेको छ । बीमा ऐन, २०७९ को दफा ५ मा प्राधिकरणको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्ड (छ) बमोजिम बीमा व्यवसायलाई व्यवस्थित, नियमित, प्रतिस्पर्धी, तथा विश्वसनीय बनाउन आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गर्ने कार्य नेपाल बीमा प्राधिकरणले गर्दै आइरहेको छ ।

यसै सन्दर्भमा नेपाल बीमा प्राधिकरण, सुदूपश्चिम प्रदेश कार्यालयका लागि आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक




कार्यक्रम बमोजिम बीमकको प्रदेश तथा शाखा कार्यालय प्रमुखसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम मिति २०८३ साल भदौ ३ गते धनगढीमा सम्पन्न भएको छ ।

## विद्यार्थी तथा शिक्षकसँग अन्तर्क्रिया तथा छलफल



नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कैलालीका लागि आ. व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत "विद्यार्थी तथा शिक्षकसँग बीमासम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम" सम्बन्धमा नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजना तथा रघुनाथ आदर्श मा.वि. बौनियाँको समन्वयमा मिति २०८३ साल साउन १२ गते श्री रघुनाथ आदर्श मा.वि.को प्राङ्गणमा बीमासम्बन्धी




छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।

त्यसैगरी, राष्ट्रिय मा.वि. कलुवापुरको समन्वयमा नेपाल बीमा प्राधिकरण सुदूरपश्चिम प्रदेश कार्यालय कैलालीको आयोजनामा मिति २०८३ साल साउन १८ गते विद्यालयको सभाहलमा सम्पन्न गरिएको थियो । दुवै कार्यक्रममा नेपाल बीमा प्राधिकरण सुदूरपश्चिम प्रदेश कार्यालय, कैलालीका सहायक निर्देशक लायक राम चौधरीले प्रस्तुतीकरण दिनुभएको थियो ।

## बीमकका प्रदेश / शाखा कार्यालयको स्थलगत निरीक्षण

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयबाट आ.व. २०८३/८४ मा देहायका कम्पनीहरूमा स्थलगत निरीक्षण कार्य सम्पन्न भएको छ ।

| क्र.सं. | निरीक्षण गरिएका बीमक | मिति |
|---|---|---|
| १. | श्री हिमालयन एभरेस्ट इन्स्योरेन्स कम्पनी लिमिटेड, प्रदेश कार्यालय, धनगढी | २०८३/०५/०८-०९ |
| २. | श्री नेको इन्स्योरेन्स लिमिटेड, प्रदेश कार्यालय, धनगढी | २०८३/०५/१६-१७ |

## अभिकर्ता परीक्षा सञ्चालन

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयबाट आ.व. २०८३/८४ को पहिलो द्वैमासिक अवधिमा ९ वटा अनलाइन बीमा अभिकर्ता परीक्षा सञ्चालन भएकोमा परीक्षामा सहभागी १,०३४ जना परीक्षार्थीमध्ये ९६४ जना उत्तीर्ण भएका छन् ।